# सुन्दर सुरुङ्गा

## सुरुङ्गा नगरपालिका स्मारिका–२०८१

प्रकाशक

सुरुङ्गा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

मधुपट्टी, सप्तरी (मधेश प्रदेश, नेपाल)

**प्रधान सम्पादक**
डा कृष्णराज सर्वहारी

**समाचार संयोजन**
ललिता साह

**प्रमुख संरक्षक**
गिता चौधरी
नगर प्रमुख

**संरक्षक**
रुद्र बहादुर कार्की
नगर उप-प्रमुख

**सल्लाहकार**
सविन सिंह चौधरी
कार्यकारी अधिकृत
हिरालाल राना
शिक्षा शाखा अधिकृत

**संस्करण**
२०८१ जेठ

**मुद्रण**
**शुभेच्छा अफसेट प्रेस**
कोटेश्वर, काठमाडौं, ९८५१२३७८६०

**मानननीय तेजु लाल चौधरी**
प्रतिनिधिसभा सदस्य
क्षेत्र नं. ४, सप्तरी
**Hon. Teju Lal Chaudhary**
Member, House of Representatives
Federal Parliament, Nepal
Saptari - 4, Nepal

**नेपाली कांग्रेस पार्टी**
महासमिति सदस्य
क्षेत्र नं. ४, सप्तरी
**Nepali Congress Party**
National Council Member
Saptari - 4, Nepal

# शुभकामना

**सुरुङ्गा नगरपालिकाले आफ्नो स्थापना दिवसको उपलक्ष्यमा नगरपालिकाको विषेश मुखपत्र (स्मारिका) प्रकाशन गर्न लागेको जानकारी पाउँदा मलाई खुसी लागेको छ । साथै नयाँ वर्ष २०८१ सालको सुख्द उपलक्ष्यमा सम्पूर्ण महानुभावहरुमा उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।**

**एक्काइसौं शताब्दीमा आत्मनिर्भर, सिपयुक्त र नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्षम हुनु अति आवश्यक छ । यस सुन्दरनगरी सुरुङ्गा नगरपालिकाका जनताहरु लाई मेरो सन्देश छ आत्मनिर्भर बन्नुस किसानले खेत बाँझो नराख्नुस, शिक्षकले विद्यालयमा विद्यार्थी पढाउनुस, बालबालिकालाई आत्मनिर्भर बनाउन उत्प्रेरणा दिलाउनुस, कर्मचारीले सुशासन कायम गरी आफ्नो भुमिका निर्वाह गर्नुस । यति भएपछि सबैजना अवश्य एक दिन आत्मनिर्भर हुन्छ । यो मुल मर्म वर्तमान समयमा अति आवश्यक पनि छ ।**

**यस नगरपालिकाले विभिन्न सबै क्षेत्रलाई समेटेर रचनात्मक, सुचनामुलक र ज्ञानवर्द्धक लेख, रचनाहरु समेटेर 'नगर स्मारिका' सम्पूर्ण नगरवासी लगायत बुद्धिजीवि, नागरिक अगुवा, किसान, बालबालिकहरुका लागि लाभदायक बन्नेछ भन्ने विश्वासका साथ सुरुङ्गा नगरपालिका परिवार लगायत सप्तरी जिल्ला क्षेत्र नं. ४ का आम जनता तथा शुभचिन्तकहरुमा शुभेच्छा सहित उत्तरोत्तर प्रगति र उन्नतीको लागि शुभकामना व्यक्त गर्दछु ।**
**धन्यवाद ।**

**मिति : २०८१/०२/०६ गते**

.............................
**तेजु लाल चौधरी**
**संघीय संसद**
**क्षेत्र नं. ४, सप्तरी**

सम्पर्क कार्यालय : कोपुण्डोल, ललितपुर, नेपाल (Kopundole, Lalitpur, Nepal)
Email: telulalchaudhary@gmail.com, Contact No.: 01-5904020, 5435663, Mobile: 9851052266

# नगर प्रमुखको भनाई

नेपालको संविधान २०७२ जारी भई संघ, प्रदेश र स्थानीय तह गरी हाल तीन तहको सरकार छ । स्थानीय तहको निर्वाचनपश्चात स्थानीय तहको नेतृत्व सम्हालेपछि हामी स्थानीय तहले पनि संविधानको कार्यान्वयनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेका छौं । आवश्यक ऐन कानूनको निर्माण र कार्यान्वयन गर्दै जनताको नजिकको जनप्रतिनिधि भएर अहोरात्र खटेका छौं । यस क्रममा संविधानले आत्मसाथ गरेको संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशी समानुपातिक जस्ता उपलब्धिको रक्षा र जनता सेवाको अभिभारा लिंदै अघि बढेका छौं ।

हाम्रो कार्यकालको वितेका दुई वर्ष केही उपलब्धिका दृष्टिले अविस्मरणीय रह्यो । यसलाई हामीले आधार वर्षको रुपमा लिदै सुरूङ्गा नगरपालिकामा दीर्घकालीन महत्वका विकास, आयोजनाहरुको सुरुवात र विकासको नीति लिएका छौं । सर्वसाधारणको आधारभूत आवश्यकताका मुद्दाहरु सक्दो सम्बोधन गरेका  छौं । कति सफल भयौं, भएनौं यी समय समीक्षाको जिम्मा पनि यहाँहरूमा छोड्न चाहन्छौं ।

एकात्मक र केन्द्रीकृत रुपमा लामो समयदेखि प्रयोग हुँदै आएको राज्यशक्तिको अधिकार र स्रोतसाधनलाई जनताको घरदैलोमा पुऱ्याउने दिशामा स्थानीय सरकारमार्फत् गरिएका प्रयासहरुको समीक्षा गरी भावी कार्यदिशा तय गर्ने सम्बन्धमा सम्पूर्ण सुरूङ्गा नगरवासीबाट उचित सुझाव, सरसल्लाहका लागि हार्दिक अनुरोध गर्दछु ।

मेरो टिमको पाँच वर्षे कार्यकालमा ३ वर्ष अझै पनि बाँकी नै छ । नयाँ संरचना र परिवर्तित शासकीय स्वरुपमा गठन भएको स्थानीय तहलाई बलियो बनाउँदै अबका तीन वर्षमा जनताका जनजीविकाका समस्या हल गर्न, विकास र समृद्धिको यात्रा तय गर्न सफलता हासिल गर्न तपाईहरु सबैको सहकार्य चाहिन्छ । तपाईहरुको होस्टेमा हैसेले हामीलाई काममा थप प्रेरणा मिल्नेछ ।

मेरो कार्यकाल नगरपालिकाको सामाजिक, शैक्षिक, भौतिक, आर्थिक विकास, निर्माण र समृद्धिमा कोशेढुङ्गा सावित हुने विश्वास लिएकी छु । मलाई योग्य ठानेर नगरप्रमुखको जिम्मेवारी प्रदान गर्नुहुने सम्पूर्ण नगरवासीहरुमा आभार प्रकट गर्दछु । मेरा सहकर्मी नगर उपप्रमुखका साथै वडाध्यक्षहरु, वडा सदस्यहरु त्था नगरका सम्पूर्ण कर्मचारीहरुमा साथ सहयोगको लागि आभारी छु ।

अन्त्यमा, पारदर्शिता, जवाफदेहिता र सुशासन लोकतन्त्रका आधार स्तम्भ हुन् । यिनै आधार स्तम्भको सही कार्यान्वयनबाट नै समावेशी, जवाफदेही, जनमैत्री शासकीय संरचनाको सिर्जना, समृद्ध, शान्त र सामाजिक न्याय सहितको एक नमुना स्थानीय सरकार भनी उदाहरण सुरूङ्गा नगरपालिकालाई लिइने विश्वास लिएकी छु । हामी नगरपालिकाको काममा पारदर्शी छौं, जवाफदेही छौं । 'लोकतन्त्रको विकल्प पूर्ण लोकतन्त्र नै हो ।' त्यसै तहत यो नगरको श्रीवृद्धिका खातिर सबैको सहयोग र अपनत्व उत्तिकै रहनुपर्छ भन्दै सम्पूर्ण नगरवासीको उत्तरोत्तर प्रगतिको कामना गर्दछु । साथै, यो नगर स्मारिका प्रकाशनमा संलग्न सबैमा आभार प्रकट गर्दछु । धन्यबाद ।



**गिता चौधरी**

नगर प्रमुख

सुरूङ्गा नपा सप्तरी



# राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची–महाकाली ।।

प्रकृतिका कोटि–कोटि सम्पदाको आँचल
वीरहरूको रगतले स्वतन्त्र र अटल ।।

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।।

बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।।

रचनाकार : प्रदिप कुमार राई (ब्याकुल माइला)
संगीतकार : अम्मर गुरुङ्ग

# विषयसूची


| | |
|---|---|
| सुरुङ्गा नगरपालिका : संक्षिप्त परिचय | १ |
| सुरुङ्गा नगरपालिकाको विकास र वडाध्यक्षहरूको प्रतिवद्धता | ५ |
| विभिन्न शाखाबाट सम्पादित कार्य | १५ |
| शिक्षा, युवा तथा खेलकुद शाखा | १५ |
| स्वास्थ्य शाखा | २३ |
| महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | २७ |
| उद्यम विकास शाखा | ३३ |
| कृषि विकास शाखा | ३७ |
| पशुपन्छी विकास शाखा | ३९ |
| सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा | ४० |
| न्यायिक शाखा | ४४ |
| योजना शाखा | ४६ |
| नक्सा शाखा | ४८ |
| राजस्व शाखा | ५१ |
| | |
| विविध | |
| नगर प्रमुखसँग भलाकुशारी | ५३ |
| 'सुन्दर सुरुङ्गा'को लागि सामग्री सङ्कलन गर्दाको अनुभव | ५६ |
| सुरुङ्गा नपामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको विवरण | ६० |
| सुरुङ्गा नगरकार्यपालिकाका प्रमुख कर्मचारीहरुको विवरण | ६५ |
| सुरुङ्गा नगरपालिकाका पहिलो कार्यकालका (२०७४-७९) जनप्रतिनिधिको विवरण | ६७ |
| तस्विरमा नगर गतिविधि | ७३ |

# सुरूङ्गा नगरपालिकाः संक्षिप्त परिचय

नेपाल सरकारद्वारा २०७३ सालमा तत्कालीन पिप्रापश्चिम, हर्दिया, दौलतपुर, मधुपट्टी, कुशहा, हरिपुर, मलहनमा, टिकुलिया र पटेर्वा गाउँ विकास समितिका सबै वडाहरू तथा मल्हनियाँका ५ र ६ नं. वडाहरू मिलाई ११ ओटा वडा रहने गरी सुरूङ्गा नगरपालिकाको घोषणा गरिएको हो।

यो नगरपालिका मधेश प्रदेश, सप्तरी जिल्ला, प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. ४, प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. ४ (क) अन्तर्गत पर्दछ।

सप्तरी जिल्लाको सुदूर पश्चिम-उत्तरमा अवस्थित यस नगरपालिकाको मध्यभाग भएर पूर्व-पश्चिम राजमार्ग र उत्तरतिर सगरमाथा (कदमाहा-गाईघाट) मार्ग रहेको छ। नेपालकै सबैभन्दा ठूलो आँप बगैंचा रहेको यो नगरपालिका फलको राजा भनिने आँप उत्पादनको लागि प्रचूर सम्भावना बोकेको छ।

राजनीतिक एवम् ऐतिहासिक महत्त्व बोकेको सुरूङ्गा चुरे पहाड (गुफा) को नामबाट यसको नाम सुरूङ्गा नगरपालिका रहन गएको हो। त्यसै पहाडको खोँचबाट उत्तरदक्षिण भएर सुरूङ्गा नदी बग्ने गर्दछ।

» **अवस्थितिः** मधेश प्रदेशको सप्तरी जिल्लाका १८ स्थानीय तहहरू (९ नगरपालिका र ९ गाउँपालिका) मध्ये एक, प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. ४, प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. ४ (क) अन्तर्गत पर्ने स्थानीय तह सुरूङ्गा नगरपालिका सप्तरी जिल्लाको सुदूर पश्चिम-उत्तरमा अवस्थित छ।

» **सिमानाः** उत्तर र उत्तर-पूर्वमा उदयपुर जिल्ला




(उदयपुरगढी गाउँपालिका र त्रियुगा नगरपालिका), पूर्वमा खडक र बोदेबर्साइन नगरपालिका, पश्चिममा सिरहा जिल्ला (लहान नगरपालिका) र दक्षिणतर्फ बलानविहुल गाउँपालिका रहेका छन्।

» **आक्षांश र देशान्तरः** यो नगरपालिका २६°३५"४०' देखि २६°४७"२६' उत्तरी आक्षांश र ८६°३०"२' देखि ८६°३५"२६' पूर्वी देशान्तरमा फैलिएको छ।

» **क्षेत्रफल :** सप्तरी जिल्लाको कुल क्षेत्रफल १,२७५ वर्ग किलोमिटरमध्ये ८.४% भूभाग ओगटेको यस नगरपालिकाको क्षेत्रफल १०७.०४ वर्ग कि.मि. रहेको छ।




» **लम्बाइ, चौडाइ र उचाइ:** उत्तरदक्षिण सरदर लम्बाइ १५.३ कि.मि., पूर्वपश्चिम सरदर चौडाइ ३.५ कि.मि. र समुद्री सतहबाट ९० मिटरदेखि ३६४ मिटर उचाइ, उत्तर दक्षिण फैलिएको, थौरै भाग चुरे पहाडसमेत रहेको, धेरैजसो भूभाग समथर रहेको, अधिकांश समय बढी गर्मी हुने भएकाले उष्ण मनसुनी अन्नबाली उत्पादन हुने विशेषता रहेको छ।

» **भौगोलिक क्षेत्र:** अधिकांश भूभाग समथर रहेको यस नगरपालिकामा कृषियोग्य जमिन-७४.३९%, वन क्षेत्र-१६.९६%, बगर क्षेत्र-६.६४%, पानीले ढाकेको क्षेत्र-१.६३%, चरण क्षेत्र- ०.०३% र पोखरी/ताल-०.०४%, सिमसार०.२९%, वस्ती-०.०१%, बगैँचा-०.१६% र बाँकी अन्य क्षेत्र रहेका छन्।

» **प्रमुख नदीनालाहरू:** पश्चिमी सिमानाको रूपमा बलान नदी, उत्तरबाट शिशुवारी नदी, पूर्वबाट चहका नदी, सुक्लाही नदी, सुरूङ्गा पहाडबाट सुरूङ्गा नदी, वीरधना नदी बग्दछन् ।सबै नदीहरू अन्त्यमा बलान नदीमा मिसिएर बग्दछन्।

» **प्रमुख ऐतिहासिक, पर्यटकीय तथा धार्मिक स्थलहरू:** शिव-पार्वती मन्दिर, काली मन्दिर, हनुमान मन्दिर (वडा नं. १), सल्हेश मन्दिर (विभिन्न स्थानका पासवान वस्ती), राधाकृष्ण मन्दिर, विश्नेरिया दह (वडा नं. ३), सेतीदेवी मन्दिर (वडा नं.४), सुरूङ्गा पहाड/गुफा, आँप जोन (वडा नं. ६), मुसहर्निया दह (वडा नं. ८, हनुमान मन्दिर (वडा नं. १०), रामपुर दह (वडा नं. ११) राजाजी मन्दिर (विभिन्न स्थानका थारू वस्ती) आदि।

» **प्रमुख व्यापारिक स्थलहरू:** शिशुवारी, भेडिया, दौलतपुर, कनकपुर, कदमाहा, कुशहा, कडरवोना, धाँतीमा प्रत्येक हप्ता २ दिन कृषि हाटबजार लाग्दछन् भने भेडिया, कदमाहा, कुशहा, कडरवोना, धाँती बजार प्रमुख व्यापारिक स्थलहरू हुन्।

» **हावापानी:** धरातलीय स्वरुपअनुसार उष्ण मनसुनी हावापानी पाइने, गर्मीमा अत्यधिक गर्मी हुने र जाडोमा अत्यधिक जाडो हुने। चैत, बैशाख, जेठ महिनामा हावाहुरी बतास चल्ने, तातो हावा लुको प्रभाव बढ्ने, आगलागी, चट्याङ जस्ता विपत्ति आइपर्ने। जाडो याममा शीतलहरका कारण जनजीवन प्रभावित हुने यहाँको मौसमी विशेषता हो।

» **राजनैतिक तथा प्रशासनिक विभाजन:** प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. ४, प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र नं. ४ (क) अन्तर्गत पर्ने यस नगरपालिकाको प्रशासनिक कार्यालयहरू कनकपुर र कदमाहामा रहेका छन् भने ११ वटा वडाहरूमा वडा कार्यालयहरू रहेका छन् । ५७ सदस्यीय विधायिकी अङ्ग नगरसभा र २१ सदस्यीय कार्यकारिणी अङ्ग कार्यपालिका रहेको छ । ११ ओटै वडामा ५/५ सदस्यीय वडा समिति रहेका छन्।

» प्रमुख प्रशासकीय अधिकृत मातहत अधिकृत कर्मचारीहरूको शाखागत नेतृत्वमा ७ ओटा विषयगत शाखा र ९ ओटा उपशाखा रहेका छन्।

वडाध्यक्षको नेतृत्त्व र नायब सुब्बाको प्रशासनिक जिम्मेवारीमा अन्य प्रशासनिक र प्राविधिक कर्मचारीहरूबाट वडा कार्यालयको सेवामूलक एवम् प्रशासकीय कार्यसम्पादन हुने व्यवस्था रहेको छ ।

» **जनसङ्ख्या:** राष्ट्रिय जनगणना २०७८ अनुसार सुरूङ्गा नगरपालिकाको कुल जनसंख्या ४९,४६० रहेको छ । कुल जनसंख्यामध्ये महिला ५२.१ प्रतिसत र पुरुष ४७.९ प्रतिसत रहेका छन् । लैङ्गिक अनुपात ९२.११ रहेको छ । सबैभन्दा बढी जनसंख्या वडा नं. २ र सबैभन्दा कम जनसंख्या वडा नं. १० मा देखिन्छ । केन्द्रीय तथ्याङ्क विभागबाट प्रकाशित राष्ट्रिय जनगणना २०७८ अनुसार जनघनत्व ४६२ रहेको देखिन्छ । यहाँ कुल घरधूरी संख्या १०४८७ रहेको छ । कुल जनसंख्याको १.९ प्रतिसत जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको देखिन्छ ।

» **यातायात :** यहाँ पूर्व-पश्चिम राजमार्गको करिब ८ कि.मि. भाग र कदमाहा-गाइघाटमार्गको करिब १२ कि.मि. भाग प्रमुख सडक सञ्जाल हुन् । कुशहा-धाँती-पटेर्वा कालोपत्रे सहायक मार्ग हो भने २०७४ र २०७९ को स्थानीय तहको निर्वाचनपश्चात अधिकांश गाउँ/टोल जोड्ने ग्राबेल तथा कच्ची मार्गहरू स्थानीय पूर्वाधारका रूपमा निर्माण भएका छन् । कतिपय निर्माणाधीन अवस्थामा छन् । नजिकको हवाइमार्ग राजविराजमा अवस्थित विमानस्थल हो ।

» **सञ्चार (हुलाक, टेलिफोन, रेडियो र पत्रपत्रिका):** यहाँ ११ वटै वडामा अतिरिक्त हुलाक रहेका छन् तर मोबाइल प्रविधिका कारण तिनको उपयोग कम हुँदै गएको देखिन्छ । नमस्ते (NTC)र Ncell मोबाइल प्रविधि अधिकांशले प्रयोग गरिरहेका छन् । धेरै कमले Landline Phone प्रविधि उपयोग गर्दछन् । World Link, Subishu, NTC Net जस्ता इन्टरनेट प्रविधिहरूले सुरूङ्गा नगरवासीहरूलाई विश्वव्यापीकरणको अनुभूति दिलाइरहेका छन् ।

» स्थान विशेष कतै कुनै रेडियो तरङ्ग बढी र कतै कम भएपनि प्राय: सबै राष्ट्रिय रेडियो तथा एफ.एम.का कार्यक्रमहरू सुन्न सकिन्छ । यस नगरपालिकामा एफ.एम. रेडियो सञ्चालनमा नरहे पनि सप्तरी जिल्ला (राजविराज) र सिरहा जिल्ला (लहान) का स्थानीय एफएम रेडियो तरङ्ग सुन्न सकिन्छ ।

» स्थानीय पत्रपत्रिकाको प्रकाशन तथा विक्रीवितरण नभए पनि राष्ट्रिय दैनिक, साप्ताहिक र मासिक एवम् राजविराज र लहानबाट प्रकाशन हुने स्थानीय पत्रिकाहरू पढ्न पाइन्छ ।

» **स्वास्थ्य सेवा:** नगरपालिकाको शाखाको रूपमा स्वास्थ्य तथा सामाजिक विकास शाखा रहेको र शाखाअन्तर्गत १५ शय्याको प्राथमिक स्वास्थ्य केन्द्र १(अस्पताल), प्रसूति सेवा केन्द्रसमेतको स्वास्थ्य चौकी १, स्वास्थ्य चौकी ८,आधारभूत स्वास्थ्य सेवा केन्द्र २, सामुदायिक स्वास्थ्य एकाई २, आयुर्वेद औषधालय १, प्रत्येक वडामा गरी जम्मा ८३ जना स्वास्थ्य स्वयंसेविकाहरू क्रियाशील छन् । आवधिक रूपमा खोप तथा भिटामिन 'ए' र जुका निवारणलगायत कोरोना विरूद्धको खोप कार्यक्रम सञ्चालन भइरहेका छन् । वडा नं.९ प्रमाणपुरमा अस्थायी कोभिड विशेष अस्पताल रहेको छ ।

» **विद्युत सेवा:** भारतबाट राजविराज हुँदै बोदेबर्साइन विद्युत प्रसारण केन्द्रबाट वितरण हुने विद्युतको सुविधा अधिकांश गाउँ/वस्तीमा पुगेको छ । कमजोर प्रसारण लाईनका कारण हावाहुरी, वर्षाको समयमा बढी प्रभावित हुने गर्दछ । कतिपय स्थानको विद्युतीय सेवा राष्ट्रिय प्रसारणमा आवद्ध हुन नसकी सामाजिक रूपमा सञ्चालन भइरहेकाले जनताले सास्ती खेप्नु

परेको छ।

» **बैङ्किङ तथा वित्तीय सेवा :**वित्तीय कारोवारको लागि एनएमबि बैंकको सुरूङ्गा शाखा (कदमाहा), सिभिल बैंकको कडरवोना शाखा छन् भने विभिन्न स्थानमा कृषि तथा ऋण सहकारी संस्थाहरू सञ्चालनमा रहेका छन्।

» **प्रमुख जातजाति:** तराई आदिवासी जनजाति-३९.५८%, तराई दलित-२५.८९%, तराई अन्य-१८.१७% र बाँकी अन्य जातिको बसोवास रहेको यस नगरपालिकामा थारू, यादव (गुवार), मुस्लिम, मल्लाह (मुखिया), पासवान, डोम, चमार, मण्डल (खत्वे र धानुक), तेली, कोइरी, हलुवाई, क्षेत्री, ब्राम्हण, मगर, दनुवार, तामाङ, राई, भूजेल, दमाई, कामी, सार्की आदि जातिको बसोवास रहेको छ। यसरी सुरूङ्गा नगरपालिकामा जातीय विविधता पाइन्छ।

» **प्रमुख भाषाभाषी :** घरपरिवार सर्वेक्षण, २०७५ अनुसार मैथिली ४९.२०%,थारू ३७.१५%,नेपाली ११.१९% र अन्य भाषाभाषी २.४६% रहेका छन्। केहीले हिन्दी र उर्दू भाषासमेत बोल्ने गर्दछन्।

» **पेशा र व्यवसाय:** कृषि (अन्न- धान/गहुँ/मकै खेती, दालबाली, तेलहन बाली, पशुपालन, माछापालन, कुखुरापालन, आँप/लिच्ची/कटहरजस्ता फलफूल खेती, तरकारी खेती), शिक्षण, नोकरी, साना तथा मझौला व्यापार व्यवसाय, छिटपुट घरेलु उद्योग धन्दा, वैदेशिक रोजगारी, ज्याला मजदूरी आदि निर्वाहमुखी पेशा सुरूङ्गा नगरवासीहरूको दिनचर्या रहेको छ।

» **सांस्कृतिक परम्परा:** जन्मपश्चात् न्वारान, पास्नी, ब्रतबन्ध, छेवर, विवाह, मर्दा किरिया बार्ने, देवीदेवताको पूजा आराधना, विभिन्न स्थानमा लाग्ने मेला भर्ने जस्ता सँस्कारका अतिरिक्त भजन, कीर्तन, अष्टजाम गर्ने चलन छ। छठ, जितिया, माघी, तिहार, दशैँ पर्व हिन्दू नारी तथा पुरुषले मनाउने प्रमुख चाड हुन् भने रमजान,बकर-ईद,ईद-उल फित्र ईस्लाम धर्मावलम्बीहरूले मनाउने पर्व हुन्।

» **धार्मिक स्थिति:** घरपरिवार सर्वेक्षण,२०७५ अनुसार हिन्दू-९३.३५%,ईस्लाम-६.१३%,बौद्ध-०.१९%,ईसाई-०.०५%,किराँत-०.००३%,जैन-०.००१%,अन्य-०.००५% र नखुलेको–०.२४% धर्मावलम्बीहरू रहेका छन्।

» **भेषभूषा र रहनसहन:** पुरुषको पहिरन कमिज, सुरूवाल, दौरा-सुरूवाल, सर्ट-पेन्ट, धोती र महिलाको पहिरनमा सारी-चोलो, ब्लाउज, कुर्ता-सुरूवाल आदि प्रचलित छ। कार्यक्रम विशेष वा विवाहजस्ता कार्यमा जाति अनुसारको पहिरनसमेत देखिन्छ। प्रायः सबै जातिका महिलाले गहना लगाउने प्रचलन रहेको छ। हाल सबै जातिमा आधुनिकताका नाममा विदेशी भेषभूषा तथा रहनसहनले प्रश्रय पाएको देखिन्छ।

» **शैक्षिक स्थिति:** सुरूङ्गा नगरपालिकाभित्र २६ ओटा आधारभूत विद्यालय (१ धार्मिक (मदरसा) सहित १६ प्राथमिक, ९ निम्नमाध्यमिक)र ६ ओटा माध्यमिक विद्यालय (२ माध्यमिक, ४ उच्चमाध्यमिक) गरी ३२ ओटा सामुदायिक विद्यालयहरू छन्। यस्तै, १७ ओटा संस्थागत विद्यालय र १ ओटा क्याम्पस गरी कुल ५० ओटा शैक्षिक संस्थाहरू सञ्चालनमा रहेका छन्।

# सुरूङ्गा नगरपालिकाको विकास र वडाध्यक्षहरूको प्रतिवद्धता



## नागरिकको सुरक्षाको लागि सिसिटिभी जडान

वडाध्यक्ष राज कुमार राउत (छत्र बहादुर), १ नं वडा

मेरो विचारमा सुरूङ्गा नगरपालिकाको वडा नम्वर १ सप्तरी जिल्लाको सवैभन्दा पिछिडिएको वडा हो । मिश्रित जातजाति, भाषाभाषीको वसोवास रहेको यो वडामा उत्तरी क्षेत्र शिशुवारीमा खानेपानीको समस्या छ भने चहका कोरिया गाउँमा नदी कटानको समस्या छ । म २०७९ वैशाखमा वडाध्यक्ष निर्वाचित भएर आएपछि उत्तरी क्षेत्रमा खानेपानीको लागि ट्यांकी निर्माण गरे । तटबन्धनले चहका नदी कटान कम भएको छ ।

त्यस्तै, नगरपालिका गठन भएको सात वर्षपछि नगरपालिकाको पहिलो कालोपत्रे शिशुवारीमा भएको छ । शिक्षा क्षेत्रमा जनता मावि शिशुवारी, पञ्चकान्य आधारभूत विद्यालय चहका कोरैयामा कक्षा तीनसम्म अंग्रेजी माध्यमबाट पढाई शुरू गरिएको छ । शिशुवारी चोकमा नागरिकको सुरक्षाको लागि सिसिटिभी जडान गरिएको छ ।

महिला हिंसा, लागुऔषध विरूद्ध जनचेतनामुलक अभियान गरिएको छ। सुरूङ्गा नगरपालिकाअन्तर्गत यसै वडाका मात्रै करिब ३९ घरपरिवार भूमिहीन सुकुम्वासीहरूलाई २०८० जेठ महिनामा जग्गा धनीपूर्जा वितरण गरिएको छ ।

मेरो कार्यकालको अबको तीन वर्ष वडाको पूर्ण सर्वाङ्गीण विकास गर्न नसके पनि जनताको सहज जीवनयापनका लागि बाटोघाटो, खानेपानीमा सुलभता, कृषिमा लगानी, गुणस्तरीय शिक्षालाई प्राथमिकतामा राखी स्थानीय व्यवसाय तथा रोजगारी सिर्जना हुने गुणात्मक विकासका कार्यहरुलाई निरन्तरता दिने लक्ष्य लिएको छु ।





# मेरो सम्पूर्ण समय वडाका जनतालाई

वडाध्यक्ष अर्जुन राज खपाङ्गी मगर, २ नं वडा

म वडाध्यक्ष जितेर आएपछि वडाको विकास र जनताप्रति समर्पित छु । आफ्नो सम्पूर्ण समय वडाका जनतालाई दिएको छु । कार्यकालको दुई वर्षको बीचमा कसैलाई कार्यवाहक दिनुपरेको छैन। वडास्तरीय योजनाअन्तर्गत पक्की हर्दिया, कमलपुर बाह्र विघा, कार्की टोल, पासमान टोल लगायतका ठाउँमा ७०० मिटर पक्की बाटो निर्माण गरिएको छ ।

त्यस्तै, वडामा साना सिँचाईअन्तर्गत चारवटा बोर्डिङ जडान गरिएको छ । महिलाहरूलाई सीप विकासतर्फ सिलाई कटाईको प्रशिक्षण दिई ५ जनालाई मेसिन वितरण गरिएको छ। व्यूटीसियन, दालमोठ, डुनोट पफ बनाउने तालिमहरू लिएर एक दर्जन बढी महिला दिदीबहिनीहरू रोजगारीमा छन् ।

विद्यालय क्षेत्रअन्तर्गत हर्दियाको जनमुखी आधार भूत विद्यालयको बाउन्ड्री वाल निर्माण गरियो । यहाँको एउटा मावि र चारवटा आधारभूत विद्यालयहरूमा शिक्षकको कमी थियो । अहिले स्वयम्सेवक, करार र स्थायी गरी पाँचजना शिक्षक नियुक्ति गरियो ।

आगामी आर्थिक वर्षमा नगरसभामा पेश गर्नको लागि वडावासीहरूको प्रतिनिधित्वले छनोट गरेका योजनाहरूमा कृषि, सिँचाईलाई महत्व दिएर शिक्षा र सामुदायिक कार्यक्रमहरु सँगै लैजाने योजनामा छु ।





# सेतीदेवी मन्दिरलाई पर्यटकीय स्थलको रूपमा विकास

वडाध्यक्ष देवेन्द्र प्रसाद चौधरी, ४ नं वडा

म दोस्रो कार्यकाल वडाध्यक्ष भएको छु । दोस्रो कार्यकालको यो दुई वर्षमा यस वडाभरिको दलित बस्तीको प्रत्येक टोलमा गरी चारवटा सामुदायिक भवनको निर्माण गरियो । वडा कार्यालयको भवनमा तल्ला थप्ने र कनकपुरमा स्वास्थ्य चौकी भवन निर्माण गरिएको छ ।

वडाभित्र रहेका चारवटै आधारभूत विद्यालयको लागि बालविकास केन्द्रको भवन, शौचालय तथा खानेपानी संरचनाहरू निर्माण गरिएको छ । निर्धाना नदीमा कज्वे निर्माण गरिएको छ भने वडाभित्र रहेका प्रत्येकजसो बाटोमा माटो ग्राभेल तथा ढलान कार्यहरू भएको छ । त्यस्तै वडाभित्र डिहवार थान मर्मत, हनुमान, दिनाभद्री मन्दिरहरू निर्माण भएको छ ।

यो वडामा रहेका आकर्षणको केन्द्र सेतीदेवी मन्दिरलाई तीन वर्षभित्र पर्यटकीय स्थलको रूपमा विकास गर्ने लक्ष्य लिएको छु। यस बीचमा सेतीदेवी मन्दिर परिसरभित्र दुईवटा अष्टजाम मण्डल बाउन्ड्री वाल तथा धर्मशाला निर्माण भएको छ ।

आउने तीन वर्षभित्र कनकपुर स्वास्थ्य चौकीको स्तरोन्नति गरी बर्थिङ सेन्टरको रूपमा विकास गर्ने, बलमा स्वास्थ चौकीलाई स्तरोन्नति गरी बर्थिङ सेन्टर सञ्चालनमा ल्याइनेछ । वडाभरि कृषि विद्युत्तीकरण कार्य पूरा गर्ने, कृषि सडक निर्माण गर्ने तथा सिँचाईको लागि बोर्डिङको व्यवस्थापन गर्ने लक्ष्य लिएका छौं ।





## बालविवाह मुक्त घोषणा

वडाध्यक्ष दिलाराम चौधरी, ५ नं वडा,

प्रधानमन्त्री आधुनिकीकरण परियोजनाअन्तर्गत २० बिघा जग्गामा एकीकृत धान खेती गर्न गत वर्ष नै आठवटा स्यालो ट्युबवेल र आठवटा मटर जडान कार्य गरियो । त्यस्तै, खानेपानी ट्याङ्की जडान, सिँचाईको लागि डिप बोडिङ जडान कार्य भएको छ ।

उता, कुशहामा आधारभूत स्वास्थ्य चौकीको डीपीआर कार्य सम्पन्न गरेको छौं । यसै शैक्षिक सत्रदेखि मावि कुशहामा सिभिल इन्जिनियरिङको कक्षासमेत सञ्चालनमा ल्याएका छौं ।

यसअघि नगरपालिकाका १० वटा वडालाई विगतकै जनप्रतिनिधिहरूबाट बालविवाह मुक्त घोषणा भइसके पनि बाँकी रहेको एकमात्र वडा नं ५ लाई मैले जितेर आएपछि छ महिनाभित्रै बालविवाह मुक्त वडा घोषणा गरे । अब आउने मंसिरभित्र यो वडालाई बालमैत्री वडा घोषणाको लक्ष्य लिएका छौं ।

त्यस्तै कुशहा बजार, पश्चिमटोल कुशहादेखि ४ किलोमिटर पूर्ण ढलान सडक यो असारभित्रै सकिन्छ । पुरानै भवन रहेको वडा कार्यालयको भवनमा माथि एक तल्ला थप निर्माण गरियो ।




सहरी विकासको मापदण्डमा रहेको कुशहा बजारलाई नमुना बनाउनको लागि संघीय सरकारको सहरी विकास मन्त्रालयमा २० करोडको प्रस्तावना पेश गरेका छौं । सुरुङ्गा नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि यसै वडाका दाताहरूद्वारा एक बिघा ८ कठ्ठा जग्गा निःशुल्क रूपमा प्रदान गर्नको लागि पहल गरियो । फलस्वरूप नगरपालिका भवनको निर्माण कार्य तीव्र रूपमा अघि बढेको छ ।



## श्रीपुरलाई आँप जोन क्षेत्र घोषणा

वडाध्यक्ष दिनेश कुमार राम, ६ नं वडा

सुरुङ्गा खोला र पहाडको नामबाट नगरपालिकाको नामकरण भएको यस वडाको विकासको लागि वर्तमान जनप्रतिनिधिले प्रयास थालेका छौं । दुई वर्ष पहिलेसम्म हिलोधुलोयुक्त बाटो रहेकोमा वडाका आवश्यक ठाउँहरूमा ढलान कार्यहरू सम्पन्न गरेका छौं ।

कडरबोना बजार क्षेत्रमा २० लाख खर्चेर कृषि हाटबजार लाग्ने ट्रष्ट निर्माण गरियो । कडरबोनामै पाँच करोडको लागतमा कृषि भेटनरीको संयुक्त ल्याबसहितको भवन निर्माण हुन लागेको छ । १९ करोड २० लाखको लगानीमा अस्पताल भवन निर्माणाधीन छ । त्यस्तै, वडामा कृषि मिटर आठ वर्षको लागि निःशुल्क गरिसकेका छौं ।

आफू जितेर आएपछि शैक्षिक क्षेत्रमा दलित महिला तथा बेरोजगार युवाहरूलाई सीप सिकाएर उनीहरूलाई रोजगारी दिने लक्ष्य रहेको छ । युवाहरू कुलतमा फस्नु यो वडाको ठूलो समस्या हो । यसको लागि नगरपालिकाको अभियानसंगै अभिभावकहरुलाई नै जागृत गराउनुपर्ने देखिन्छ ।

सुरुङ्गा नगरपालिकाकै व्यवसायिक पाटो वडा नम्बर ६ स्थित श्रीपुर र राजमार्गदेखि उत्तरी क्षेत्रमा आँप उत्पादन रहेको छ । आँप जोन घोषणा गरी पछिल्लो समय नगरपालिकाले राम्रो प्रयास गरेको छ । तर, पूर्ण रूपमा आँप बजार व्यवस्थापन नहुँदा बाहिरको व्यापारीहरू यहाँको आँप लगेर सिराहाको लहानमा क्रेटिङ गरेर त्यहाँको आँप भनेर देशविदेशसम्म बेचेर आम्दानी लिने गरेका छन् । आँप प्रशोधन केन्द्र निर्माणको लागि अघिल्ला जनप्रतिनिधिहरूबाट गरेकै प्रयासलाई निरन्तरता दिन अझै पाँच करोड भन्दा बढी बजेट चाहिन्छ । यदि यो परियोजना सफल बनाउन सकिए यहाँका धेरै युवाहरुले रोजगार पाउने थिए । हामी यो प्रयासमा छौं ।





# सामाजिक क्षेत्रमा सुधारका धेरै काम गर्न बाँकी

वडाध्यक्ष शिव नारायण चौधरी, ७ नं वडा

म धेरै वर्ष लेखापढी काम गरे । आफू जाँड रक्सी खाँदिन । तपाईंको काम हुन्छ भनेर कसैसँग एक सुको माग्दिन । नजराना लिने दिने दुबै यो देशका शत्रु हुन् भन्ने मलाई लाग्छ । त्यसैले, जनताले पत्याएर म दोस्रो कार्यकाल वडाध्यक्ष भएको छु । पहिलो कार्यकालमा वडाध्यक्षको जिम्मेवारीपछि परिवार चलाउन र व्यक्तिगत खर्च धान्न मुस्किल पर्न थालेपछि फुर्सदको समयमा लेखापढी गर्न फेरि मालपोत गैहाल्थे । अनि साथीभाइहरुले अब त यो काम नगर्नु भनेर सुझाउँथे । तर बाध्यताले पहिलो कार्यकालमा वडा पनि चलाएँ र आफ्नो लेखापढी व्यवसाय सँगसँगै लगे । अहिले पनि वडाको कामबाहेक साँझ विहान खेती किसानी गर्छु । आफ्नो काम गर्न केको लाज ?

म जितेर आएपछि वडामा धेरै काम गरेको छु । जस्तो चकदहमा आदिवासी सामुदायिक भवन निर्माण, वडाको पोखरिया टोलमा कृषि सडक, कल्भर्ट तथा त्यहीको विद्यालयको बाउन्ड्री वाल निर्माण गरियो ।

विर्धाना र सुरुङ्गा नदी नियन्त्रणको लागि केजवल निर्माणको साथै क्रेटिङ गरियो । कुशहा-पोखरिया-बसनपट्टी हुँदै बेलहीसम्मको सडकमा माटो ग्राभलेको काम सकिएको छ । वडामा बाटोघाटो, जितमहान मन्दिर निर्माण, सलहेस मन्दिरमा मूर्ति स्थापनालगायत अन्य सामुदायिक भवन, विद्यालय भवनहरू निर्माण गर्ने कार्य वडास्तरीय योजनाहरूबाटै भएको छ ।

अहिले काम गर्न अत्यन्तै सहज छ । सबै दललाई मिलाएर काम गरेको छु । तर, समग्रमा भन्दा बजेटको अभाव छ । सामाजिक क्षेत्रमा सुधारका धेरै काम गर्न बाँकी छ ।





# ४ विगहाको खेलमैदान छिटै सञ्चालन

वडाध्यक्ष श्याम प्रसाद साह, ८ नं वडा

नगरकै सबभन्दा ठूलो वडा हो ८ नं वडा तर बजेट समान भएकाले चाहे जति विकास गर्न सकिएको छैन । १० नमुना आधारभूत विद्यालयअन्तर्गत शैक्षिक सत्र २०८० देखि यस वडाको आधारभूत विद्यालय मलहनमामा अंग्रेजी माध्यममा पठनपाठन शुरु भएको छ ।

वर्षा याममा घरवाट सानो सवारी साधन तथा आफू र पशुचौपाया निकाल्न नसकिने टोल वस्तीका केही सडक पक्की गरियो । साथै, सघन शहरीबाट ल्याएको १३ करोडको योजनाको ठेक्का प्रक्रिया सकेकोले कामकाज छिटै सञ्चालन हुनेछ । सुरक्षित आवास कायक्रमअन्तर्गत करिब १७ घर परिवार लाभग्राही भएका छन् ।

पोखरीया चोकदेखि महलिया सडक खण्ड सञ्चालनमा आएको छ भने कृषि सडक निर्माण गरिएको छ । सडक बत्तीको लागि वडामा विद्युतीकरणको काम भइरहेको छ ।

पर्यटकीय स्थल मुसहरनिया दहको संरक्षण, प्रवर्द्धन गर्न पनि जुटेको छु । कलब घर निर्माण, धाती बजारमा दुर्गा मन्दिर र नगरस्तरीय खेल मैदान पनि यसै वडामा भएकोले अलपत्र परेको करिव ४ विगहाको खेलमैदान छिटै सञ्चालनमा ल्याउन सौन्दर्यकरणको काम भइरहेको छ । जितेर आएको दुई वर्षसम्म जनताले चाहे अनुसारकै काम गर्दै आएको छु, आगामी ३ वर्ष पनि जनताको विश्वास मर्न दिने छैन ।





## सडकबत्ती लगाएर झिलमिली बनाउने योजना

वडाध्यक्ष सन्तकुमार यादव, ९ नं वडा

यो वडामा गत वर्ष १ करोड १० लाख नगरको बजेट सिलिङ थियो, जसमा ९५ लाख रकम पूर्वाधार विकासमा खर्च गरियो । वडामा १४८० मिटर कालोपत्रे, १५० मिटर नाला निर्माण, आधार भूत विद्यालय प्रमाणपुरको तीन कोठे भवन निर्माण, १ किलोमिटर कृषि सडकमा माटो पटान, ६४ थान कृषि पोल गाडिएको छ ।

यसै वर्ष वडाभरि ३५० स्थानमा सडकबत्ती लगाएर झिलमिली बनाउने योजना रहेको छ। यो वर्ष २० लाख बराबरको ९५ वटा कृषि पोल खास गरी टिकुलिया, परमानपुर क्षेत्रको लागि खरिद कार्य गर्न ठेक्का लागिसकेको छ । त्यस्तै, टिकुलिया टोलको बाटोमा ९० प्रतिशत ढलान कार्य यो वर्षको असारसम्म सम्पन्न गरिसक्ने योजना छ । परमानपुरमा ७० प्रतिशत कच्ची बाटो ढलान गरिसक्ने लक्ष्य छ ।

मेरो कार्यकालको पाँच वर्षभित्र यो वडालाई पूर्ण हिलोमुक्त र पूर्ण कृषि विद्युतीकरण गरिसक्ने मेरो पहिलो उद्देश्य रहेको छ। त्यस्तै, ठूला योजनातर्फ कदमाहा पटेर्वा जोड्ने दुवैतिर नाला सहितको आठ किलोमिटर सडकको ४० प्रतिशत काम गत वर्ष सम्पन्न भइसकेको र ६० प्रतिशत कार्य सम्पन्न गर्नको लागि धमाधम काम भइरहेको छ। ४० करोडको ठेक्का लागेको यो सडक निर्माणमा १० करोड रकम खर्चिसकेका छौं । यसमा ३.५ किलोमिटर रोड बनाउनुपर्ने छ ।

किशोर तथा युवाहरू कुलतमा फस्दै गएको यो वडाको समस्याको रूपमा रहेको छ । तिनको लागि जनचेतना कार्यक्रम अघि बढाउँछु ।





# युवाहरूलाई कुलतबाट जोगाउने चिन्ता

वडाध्यक्ष चन्द्रनारायण यादव, १० नं वडा

यस वडा अन्तर्गतको थलहा, सिसवा पटेरवा गरी जम्मा ३ किलोमिटर कृषि रोड निर्माण गरियो । त्यस्तै, ३०० मिटर नाला निर्माणको कार्य सम्पन्न भएको छ । तीनटै टोलमा ६५ मिटर आरसीसी र पिसीसी ढलान कार्य सम्पन्न भएको छ ।

वडामा सिँचाईको लागि प्रदेश सरकारबाट दुईवटा ठूलो बोर्डिङ जडान गरियो । कृषि सिँचाईकै लागि बिहुल नदीमा सुलिस गेट निर्माणको लागि ४० लाखको योजना सञ्चालनमा रहेको छ ।

त्यस्तै, सुरुङ्गा नगरपालिकाको वडा ९ र १० सिमाना जोड्नको लागि एक किलोमिटर बढी आरसीसी ढलान कार्य गर्ने योजना छ । बलान विहुल गाउँपालिका र सुरुङ्गा जोड्ने डेढ किलोमिटर सडक निर्माणको लागि योजना नगरमा पेश गर्न छनौट गरेका छौं ।

उता, वडामा रहेको एक मात्र विद्यालयलाई यसै शैक्षिक सत्रदेखि आठ कक्षासम्म सञ्चालन गर्ने योजना रहेको छ । ससाना जग्गा विवादका घटनाहरूलाई वडामा मेलमिलाप गर्ने गर्छु । सबै पक्षलाई मिलाएर काम गर्ने मेरो शैलीले आजसम्म वडाको विकासको कामकाजमा विरोधको सामना खासै गर्नुपरेको छैन । वडामा रहेको एकमात्र स्वास्थ्य चौकी जीर्ण छ । त्यसलाई पुनर्निर्माणको समेत लक्ष्य राखेका छौं ।

यस वडाको जटिल समस्याको रूपमा रहेको कुलतबाट युवाहरूलाई छुटकाराको लागि वडाभित्र विभिन्न प्रकारको सचेतना कार्यक्रम विगतमा पनि गरियो र आउने आर्थिक वर्षमा पनि यस्ता कार्यक्रमहरु गर्ने लक्ष्य राखेका छौं ।





# अनुगमनले शिक्षाको गुणस्तरमा सुधार

वडाध्यक्ष रामकुमार चौधरी, ११ नं वडा

हामीले यो वडाको सामाजिक स्तरमा हुने गरेका वादविवाद झैझगडालाई प्राय: गाउँमै छलफल र मेलमिलाप गराउने गरेका छौं ।

गत वर्ष सडक विस्तार गर्दा १५ फिट र १३ फिटमा विवाद पर्दा मैले गाउँमै सबै पक्षलाई मिलाएर काम गरे । अधुरो मदरसादेखि रामपुर गाउँमा डिहवार थान जाने नयाँ कच्ची सडक निर्माण गरियो । वडास्तरीय योजनाअन्तर्गत नै बाटोको आरसिसी ढलान लगायतका भौतिक पूर्वाधारतर्फका कामहरू भएको छ ।

यो दुई वर्ष अवधिमा बिरामी परेको बेला एकपटक मात्रै वडा सदस्य निर्मला चौधरीलाई कार्यवाहक दिएको सम्झना छ । गत वर्ष ४५ लाख बजेट नगरबाट प्राप्त भएको थियो तर यो वर्ष १८ लाखमा सीमित भयो । त्यसैले, चाहे अनुसारको काम गर्न सकिएको छैन ।

२०८० असार ३१ गते सुरुङ्गालाई साक्षर नगर घोषणा गरिएको छ । यो वडामा तीनवटा विद्यालय छ । दुई वर्ष अघिसम्म यहाँका विद्यालयको पढाइ लथालिंग थियो । हाल आफू दैनिकजसो अनुगमनमा गईरहँदा शिक्षाको गुणस्तरमा सुधार हुँदै गएको छ । एउटा विद्यालय १२ वर्षदेखि परीक्षण कालमा रहेर राम्रो गर्दै जाँदा पनि शिक्षक अभावमा पढाई लथालिङ हुँदै गएको थियो । यस वर्ष मावि स्तरको एकजना स्थायी शिक्षक भर्ना गर्न सकियो । अब एउटा प्रावि र निमाविमा गणित र विज्ञानतर्फ दुईजना शिक्षक तथा बालविकासतर्फ एउटा सहजकर्ताको आवश्यकता छ ।

आउने आर्थिक वर्षको लागि नगरले मागेको आर्थिक योजनाअन्तर्गत आफूले वडाभित्र पाँचवटा कलभर्ट, एउटा सामुदायिक भवन, कृषि ट्रान्सफर्मर, आरसीसी ढलान लगायतका वडामा अत्यावश्यक गर्नैपर्ने कामहरू सहितको योजना पेश गरेको छु ।



# विभिन्न शाखाबाट सम्पादित कार्य

## सुरुङ्गा नगरपालिकामा निम्न शाखा रहेका छन्:

१) प्रशासन शाखा
२) आर्थिक प्रशासन शाखा
३) राजस्व शाखा
४) योजना शाखा
५) प्राविधिक शाखा
६) सूचना प्रविधि शाखा
७) जिन्सी शाखा
८) सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा
९) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा
१०) रोजगार शाखा
११) दर्ता चलानी शाखा
१२) सहकारी शाखा
१३) न्यायिक शाखा
१४) कृषि विकास शाखा
१५) पशुपन्छी विकास शाखा
१६) शिक्षा शाखा
१७) स्वास्थ्य शाखा
१८) नक्सा शाखा
१९) लघु उद्यम विकास शाखा।
२०) खानेपानी, सरसफाई, तथा स्वच्छता (वास) शाखा

## शिक्षा, युवा तथा खेलकुद शाखा

### सुरुङ्गा नगरपालिकाको शैक्षिक परिदृश्य

सुरुङ्गा नगरपालिकाभित्र २६ ओटा आधारभूत विद्यालय (१ धार्मिक (मदरसा)सहित १६ प्राथमिक, ९ निम्नमाध्यमिक)र ६ ओटा माध्यमिक विद्यालय (२ माध्यमिक, ४ उच्चमाध्यमिक) गरी ३२ ओटा सामुदायिक विद्यालयहरू छन् । यस्तै, १७ ओटा संस्थागत विद्यालय र १ ओटा क्याम्पस गरी कुल ५० ओटा शैक्षिक संस्थाहरू सञ्चालनमा रहेका छन्।

४९ ओटा बालविकास केन्द्रहरू सामुदायिक विद्यालयमै समाहित छन् भने १ ओटा समुदायमा गरी ५० ओटा प्रारम्भिक बालविकास केन्द्रहरू रहेका छन्। संस्थागत विद्यालयहरूमा १७ पूर्व प्राथमिक कक्षा सञ्चालन भइरहेका छन्। सामुदायिक विद्यालयहरूमा प्राथमिक तहमा १०५, निम्नमाध्यमिक तहमा २०, माध्यमिक तहमा २०, उच्चमाध्यमिक तहमा ४ गरी कुल १४९ स्वीकृत दरबन्दी छ। प्राथमिक तहमा ३७, निम्नमाध्यमिक तहमा २१, माध्यमिक तहमा ७ गरी कुल ६५ राहत तथा उच्चमाध्यमिक तहमा ३ शिक्षक अनुदान गरी कुल २१७ पदमा शिक्षकहरू कार्यरत छन् । प्राविधिक तथा व्यावसायिक धारमा ६ जना शिक्षक/प्रशिक्षक/सहायक प्रशिक्षक अध्यापनरत छन्।

त्यसैगरी, सामुदायिक विद्यालयहरूमा १/१ जना विद्यालय सहयोगी र माध्यमिक तहमा थप १/१ जना विद्यालय सहायक (लेखासम्बन्धी कार्य गर्ने कर्मचारी) छन् भने प्रत्येक विद्यालयमा कम्तीमा १ र बढीमा ३ जना गरी कुल ५० जना प्रारम्भिक बालविकास सहजकर्ताहरूले ५ वर्ष मुनिका बालबालिकाहरूलाई मनोरञ्जनपूर्ण ढङ्गले बालविकास कक्षामा सिकाइ रहेका छन्। यहाँ बुँदागत रुपमा केही शैक्षिक गतिविधि दिइएका छन्।



## २.१तहगत विद्यालय विवरण (शै.स.२०८०)

| क्र. सं. | तह | सामुदायिक | | | संस्थागत | जम्मा |
|---|---|---|---|---|---|---|
| | | स्वीकृत | अनुमति | जम्मा | | |
| १. | प्राथमिक | १६ | १ | १७ | १० | २५ |
| २. | निम्नमाध्यमिक | १ | ८ | ९ | ५ | १८ |
| | आधारभूत१-८ | १७ | ९ | २६ | १५ | ४२ |
| ३. | माध्यमिक ९-१० | ० | २ | २ | २ | ७ |
| ४. | माध्यमिक११-१२ | ४ | ० | ४ | ० | ४ |
| | माध्यमिक९-१२ | ४ | २ | ६ | २ | ७ |
| | जम्मा | २१ | ११ | ३२ | १७ | ४९ |

## २.२ स्वीकृत शिक्षक दरबन्दी,राहत/शिक्षक अनुदान विवरण (शै.स.२०८०)

| क्र.सं. | किसिम | प्राथमिक | निम्नमाध्यमिक | माध्यमिक | उच्चमाध्यमिक | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | दरबन्दी | १०५ | २० | २० | ४ | १४९ |
| २. | राहत | ३७ | २१ | ७ | ० | ६४ |
| ३. | शिक्षक अनुदान | ० | ० | ० | ३ | ३ |
| | प्राविधिक धार प्रशिक्षक र सहायक प्रशिक्षक | ० | ० | २+२ | २ | ६ |
| | जम्मा | १४२ | ४१ | ३१ | ९ | २२३ |

### २.३ श्रेणीगत शिक्षक विवरण (शै.स.२०८०)

| क्र.सं. | तह | प्रथम | द्वितीय | तृतीय | अस्थायी | राहत | अस्थायी/रिक्त | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्राथमिक | १ | ४४ | ४२ | ९ | ३३ | १२ | १४१ |
| २. | निम्नमाध्यमिक | ० | ६ | ११ | ३ | २० | १ | ४१ |
| ३. | माध्यमिक | १ | १ | १६ | २ | ७ | ० | २७ |
| ४. | उच्चमाध्यमिक | ० | ० | ० | ४ | ३ | ० | ७ |
| | जम्मा | ३ | ४७ | ७३ | १८ | ६३ | १३ | २१७ |

### २.४ सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी विवरण (शै.स.२०७८, स्रोत :IEMIS Report, 2078)

| क्र.सं. | तह | कुल विद्यार्थी | | | दलित विद्यार्थी | | | जनजाति विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| १. | बालविकास | **५३९** | **४९५** | **१,०३४** | **२२८** | **१९१** | **४१९** | **१६०** | **१७९** | **३३९** |
| २. | प्राथमिक | २,०४३ | २,१५३ | ४,१९६ | ९०७ | ९१२ | १,८१९ | ४८५ | ५३५ | ९२० |
| ३. | निम्नमाध्यमिक | १,११७ | १,२३३ | २,३५० | ३९२ | ३९४ | ७८६ | २९१ | ३९१ | ६८२ |
| क. | आधारभूत१-८ | **३,१६०** | **३,३८६** | **६,५४६** | **१,२९९** | **१,३०६** | **२,६०५** | **७७६** | **९२६** | **१,७०२** |
| ४. | माध्यमिक ९-१० | ८३६ | ७९२ | १,६२८ | १९० | २०७ | ३९७ | २९७ | ३०२ | ५९९ |
| १. | उच्चमाध्यमिक | १८८ | २८६ | ४७४ | ३२ | ३९ | ७१ | ३१ | ७२ | १०३ |
| ख. | माध्यमिक९-१२ | **१,०२४** | **१,०७८** | **२,१०२** | **२२२** | **२४६** | **४६८** | **३७०** | **४२८** | **७९८** |
| | जम्मा | **४,७२७** | **४,९५४** | **९,६८२** | **१,७४९** | **१,७४३** | **३,४९२** | **१,४६५** | **१,६९३** | **३,१५८** |

### २.५ शैक्षिक सूचकहरूको अवस्था

| क्र.सं. | सूचकहरू | न.पा.को स्थिति (२०७७/७८) | राष्ट्रिय स्थिति (२०७७) | शिक्षेयोको लक्ष्य (२०८२) | पन्ध्रौँ योजनाको लक्ष्य (२०८०/८१) | न.पा.को लक्ष्य (२०८२/८३) |
|---|---|---|---|---|---|---|
| **१.प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | |
| १.१ | कुल भर्ना दर | ८० | ८६.४ | १०० | १०० | १०० |
| १.२ | ४ वर्षका बालबालिकाको भर्ना अनुपात | ६० | ६७.२ | ९० | | ८० |
| १.३ | कक्षा १ मा नवप्रवेशीमध्ये प्रारम्भिक बालविकास र शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ६२ | ६८.७ | ९० | ९० | ९० |
| **२.आधारभूत शिक्षा** | | | | | | |

| क्र.सं. | सूचकहरू | न.पा.को स्थिति (२०७७/७८) | राष्ट्रिय स्थिति (२०७७) | शिक्षेयोको लक्ष्य (२०८२) | पन्ध्रौँ योजनाको लक्ष्य (२०८०/८१) | न.पा.को लक्ष्य (२०८२/८३) |
|---|---|---|---|---|---|---|
| २.१ | कक्षा १ मा कुल प्रवेशदर | ११५ | १२१.९ | १०६ | | १०५ |
| २.२ | कक्षा १ मा खुद प्रवेशदर | ९० | ९६.८ | ९९ | | ९५ |
| २.३ | कक्षा १-५ मा कुल भर्नादर | १२५ | ११९.३ | ११२ | | ११० |
| २.४ | कक्षा १-५ मा खुद भर्नादर | ९२ | ९७.१ | १०० | | ९८ |
| २.५ | कक्षा १-८ मा कुल भर्नादर | ११८ | ११०.४ | ११५ | | १०५ |
| २.६ | कक्षा १-८ मा खुद भर्नादर | ८५ | ९३.८ | ९९ | ९९ | ९५ |
| २.७ | कक्षा ८ मा टिकाउ दर | ७० | ७९.३ | ९८.९ | | ९५ |
| २.८ | आधारभूत शिक्षाको तह पूरा गर्ने दर | ७० | ७२.७ | ९८.७ | | ९५ |
| **३.माध्यमिक शिक्षा** | | | | | | |
| ३.१ | कक्षा ९-१० मा कुल भर्नादर | ९० | ९४.६ | १०५.६ | | १०५ |
| ३.२ | कक्षा ९-१० मा खुद भर्नादर | ६५ | ६८.७ | ८१.४ | | ८० |
| ३.३ | कक्षा ९-१२ मा कुल भर्नादर | ६८ | ७१.४ | ९१.६ | | ९० |
| ३.४ | कक्षा ९-१२ मा खुद भर्नादर | ४५ | ४७.६ | ५८.१ | ६५ | ६० |
| ३.५ | कक्षा ११-१२ मा कुल भर्नादर | ५० | ५१.५ | ७७.३ | | ७० |
| ३.६ | कक्षा ११-१२ मा खुद भर्नादर | ३० | २५.८ | ४०.१ | | ४० |
| ३.७ | कक्षा १० मा टिकाउ दर | ६० | ६०.३ | ९७.९ | | ९० |
| ३.८ | कक्षा १२ मा टिकाउ दर | २५ | २४.० | ३५.४ | | ३५ |
| **४. अनौपचारिक शिक्षा र जीवन पर्यन्त सिकाइ** | | | | | | |
| ४.१ | ५ वर्षमाथिको साक्षरता दर | ७४ | ७८ | ९६ | ९६ | ९६ |
| ४.२ | १५-२४ वर्षको साक्षरता दर | ८५ | ९२ | ९९ | ९९ | ९७ |

| क्र.सं. | सूचकहरू | न.पा.को स्थिति (२०७७/७८) | राष्ट्रिय स्थिति (२०७७) | शिक्षेयोको लक्ष्य (२०८२) | पन्ध्रौँ योजनाको लक्ष्य (२०८०/८१) | न.पा.को लक्ष्य (२०८२/८३) |
|---|---|---|---|---|---|---|
| ४.३ | १५ वर्षमाथिको साक्षरता दर | ६० | ५८ | ९५ | ९५ | ९५ |
| ५. महिला शिक्षक प्रतिशत | | | | | | |
| ५.१ | आधारभूत तह | २६.४ | ४३.७ | ५० | | ३० |
| ५.२ | माध्यमिक तह | ५ | २०.६ | २५ | | १० |
| **६. प्राथमिकता प्राप्त न्यूनतम सक्षमता (PMEC) पूरा गरेका विद्यालय प्रतिशत** | | | | | | |
| ६.१ | प्रारम्भिक बालविकास केन्द्र | ६४ | | ६० | | ८० |
| ६.२ | आधारभूत विद्यालय | ४६ | १३.४ | ७० | | ७० |
| ६.३ | माध्यमिक विद्यालय | ८० | | ६० | | १०० |
| ७. शिक्षा क्षेत्रको बजेट प्रतिशत | | २० | ११.६४ | १७ | | ३० |

## शिक्षा क्षेत्रमा हालसम्म भएका केही गतिविधि

सुरुङ्गा नगरपालिकाको शिक्षा ऐन, २०७७, स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७७, स्वीकृत भई जारी भएको छ । जसअनुसार हालसम्म नगरपालिकाबाट २६ जना शिक्षक नियुक्त गरी शिक्षण सिकाइमा ध्यान केन्द्रित गरिएको छ ।

२०८० सालमा सघन रूपमा अनौपचारिक शिक्षा कक्षा सञ्चालन गरी 'साक्षर सुरुङ्गा' घोषणा गरी उदाहरणीय कार्य भएको छ ।




प्रत्येक शैक्षिक सत्रको शुरूमा प्रचारप्रसारसहित विद्यार्थी भर्ना अभियान, घरदैलो कार्यक्रम, विद्यालयबाहिरका बालबालिकाहरूको तथ्याङ्क संकलन, दोस्रो चरणको भर्ना अभियान, समस्या पहिचान र निराकरण, संयुक्त अनुगमन टोलीद्वारा अनुगमन, निरीक्षण गरिन्छ ।

यस अधिको जनप्रतिनिधिको कार्यकालमा मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउअन्तर्गत

कक्षा ८ उत्तीर्ण छात्रालाई साइकल वितरण गरिएको छ। साथै, छोरी शिक्षा वीमा कार्यक्रम सञ्चालन गरिएको छ।

अन्तर्राष्ट्रिय साक्षरता दिवस एवम् राष्ट्रिय शिक्षा दिवसको अवसरमा आधारभूत तहको लागि पठन सीप, निबन्ध प्रतियोगिता र माध्यमिक तहको लागि हाजिरीजवाफ प्रतियोगिता सञ्चालन, बाल दिवसको अवसरमा वक्तृत्वकला, गायन र नृत्य प्रतियोगिता जस्ता अतिरिक्त क्रियाकलाप आयोजना गरिन्छ।

प्रत्येक वर्ष लेखापरीक्षकहरूको आशय पत्र संकलन, विद्यालय छनौट, लेखापरीक्षक नियुक्ति दिई विद्यालय लेखापरीक्षण गराइएको छ। प्रत्येक वर्ष विद्यालयको हरेक गतिविधिको सामाजिक परीक्षणको कार्यलाई अनिवार्य गरिएको छ। विद्यालय अनुदान निकासालाई लेखापरीक्षण र सामाजिक परीक्षणसंग आवद्ध गरिएको छ।

आव २०७८/७९ को शुरूबाट विद्यालयका सहजकर्ता र कर्मचारीको न्यूनतम पारिश्रमिक रू १५,००० बाट दोस्रो त्रैमासिकबाट विद्यालय सहायकहरूको रू १८,००० वृद्धि गरिएको छ।

नगर शिक्षा समिति, आधारभूत शिक्षा (कक्षा ८) परीक्षा समिति, स्वयंसेवक शिक्षक छनौट समिति, साक्षरता अभियान नगरस्तरीय समिति, स्थानीय पाठ्यक्रम मस्यौदा समिति, विद्यालयस्तरीय खेलकुद समिति, अनुदान व्यवस्थापन इकाई, शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण समिति, स्यानिटरी प्याड व्यवस्थापन समिति, नगर शिक्षा योजना मस्यौदा समिति, विद्यालय अनुगमन समिति, बालिका तथा समावेशी शिक्षा सञ्जाल लगायत शिक्षा सम्बन्धी विभिन्न १२ ओटा समिति गठन भई परिचालन गरिएको छ।

विद्यार्थी मूल्याङ्कन, कम्प्युटर सीप विषय शिक्षण, शैक्षिक सामग्री निर्माण, विद्यालय लेखा प्रणाली सुदृढीकरण, विद्यालयहरूको व्यवस्थापकीय क्षमता अभिवृद्धि, अभिभावक सचेतना, एकीकृत पाठ्यक्रम लगायतका तालिम, अभिमुखीकरण कार्यशाला सञ्चालन भएको छ। विद्यालयहरूको पत्राचारमा कम्प्युटरको उपयोगलाई अनिवार्य गरिएको छ।

आव २०७८/७९ देखि २०८२/८३ सम्मको लागि ५ वर्षे सुरूङ्गा नगरपालिकाको शैक्षिक मार्गचित्र सहितको नगर शिक्षा योजना स्वीकृत भई कार्यान्वयनमा आएको छ। योजनामा सुरूङ्गा नगरपालिकाको शैक्षिक परिदृष्य, दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति, अपेक्षित उपलब्धि, विद्यालय शिक्षाका मुख्य क्षेत्रहरू, अन्तरसम्बन्धित मुद्दा, संस्थागत क्षमता सुदृढीकरण, व्यवस्थापन, अनुगमन, मूल्याङ्कन जस्ता विषयहरूमा रणनीतिक लक्ष्य निर्धारण गरिएको छ।

शिक्षा क्षेत्रका कार्यक्रम सशर्त अनुदानतर्फ नेपाल सरकारबाट हस्तान्तरित खेलकुद विकास कार्यक्रम, सबैका लागि शिक्षा आधारभूत शिक्षा, माध्यमिक शिक्षक तलब भत्ता, विद्यालय क्षेत्र विकास कार्यक्रम, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन भइरहेको छ। सेभ द चिल्ड्रेनको सहयोगमा सबल नेपालबाट समुन्नति कार्यक्रम अन्तर्गत विविध शैक्षिक कार्यक्रम सञ्चालनमा रहेको छ।

शिक्षा, स्वास्थ्य समृद्धताः सुरूङ्गा नगरपालिकको प्रतिवद्धता भन्ने नारासहित २०८० र २०८१ मा पालिकाको क्यालेण्डर प्रकाशित गरिएको छ। यसमा अन्य सूचनामूलक विज्ञापनका साथै पालिकाको पर्यटकीय स्थलको चित्र समेटिएको छ। पालिकाको आफ्नै क्यालेण्डरले विद्यालय तथा अन्य कार्यालयको लागि विदाबारे जानकारी लिन सहज भएको छ।

त्यस्तै, प्रत्येक वर्ष शैक्षिक सत्रको शुरुमै 'शैक्षिक क्यालेण्डर' निर्माण गरी नगरपालिका भित्रका सबै विद्यालयलाई उपलब्ध गराईन्छ। यसले योजनाबद्ध रूपमा प्रभावकारी तवरबाट विद्यालय सञ्चालन गर्न, नियमित कार्यक्रमहरूको नीति निर्देशन, विद्यालयमा जाने रकमको खर्चसम्बन्धि निर्देशनलगायत पूर्ण रूपमा कार्यान्वयन गरिनाले गुणस्तरीय शिक्षा प्रदानमा सहज भएको छ।

- २०७९ भदौ २३ गते ५६ औं अन्तर्राष्ट्रिय साक्षरता दिवसका अवसरमा चित्रकला प्रतियोगिता, हाजिरीजवाफ प्रतियोगिता सञ्चालन।
- २०७९ भदौ महिना र मंसिर महिनादेखि ५४ जना ट्यूशन कक्षा सहजकर्ता नियुक्ति भई पालिकाको ५४ स्थानमा ट्यूशन कक्षा सञ्चालन।
- ४ ओटा माध्यमिक विद्यालयमा कोचिङ कक्षा सञ्चालन।
- २०७९ असोज १० गते जनता आवि रामपुर, जनता मावि खैजनपुर भज्जका, जनता राष्ट्रिय आवि औरहा महेशपुर, राष्ट्रिय आवि महलिया गरी ४ ओटा विद्यालय र माघ ६ गते चकदह, टिकुलिया र प्रमाणपुर गरी ३ विद्यालयको २/२ समूहमा अनुगमन र निरीक्षणपश्चात प्रतिवेदन प्रस्तुती, समीक्षासहितको घुम्ती प्रअ बैठक।

### खेलकुद गतिविधिमा सहभागिता

प्रत्येक वर्ष सुरूङ्गा नगरस्तरीय विद्यालय खेलकुद तथा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सभ्य र भव्य रूपमा सञ्चालन हुने गरेको छ। जस्तो आव २०८०/०८१ मा प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको लागि १७ जना खेलाडी सप्तरी जिल्लाको प्रतिनिधित्व गर्दै जनकपुरमा सहभागी भएका थिए। त्यस्तै, प्रदेश स्तरबाट राष्ट्रिय स्तरको १४ औं राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको लागि एथलेटिक्समा दौलतपुरका दिपेश कुमार साह छनोट भई राष्ट्रिय स्तरमै दोस्रो हुन सफल भए। उता, भलिबलमा भेडियाका नितेश कुमार यादव छनोटमा परी प्रदेशको प्रतिनिधित्व गरे (खेलकुद गतिविधिको विविध) तस्विर परिशिष्टमा हेर्नुहोस्)।

### 'हमर सुरूङ्गा' पाठ्यक्रम तथा पाठ्यपुस्तक तयार

२०८० मा यस नगरपालिकाबाट कक्षा १ देखि ५ सम्म स्थानीय विषयको पाठ्यक्रम 'हमर सुरूङ्गा' तयार भएको छ। पाठ्यक्रम निर्माणका लागि नगर शिक्षा समितिबाट देवेन्द्र प्रसाद चौधरीको संयोजकत्वमा पाठ्यक्रम निर्माण कार्यदल गठन गरिएको थियो। यसमा उमानाथ यादव, डा भागवत ठाकुर,नरसिंह चौधरी, चन्द्रकला खनाल,





श्यामप्रसाद साह, मोहनीप्रसाद दाहाल, जगदीश प्रसाद यादव, शर्मिला चौधरी, धनबहादुर पुलामी सदस्य तथा हिरालाल राना सचिव रहेका थिए । यस्तै, आमन्त्रित सदस्यमा शोभितलाल चौधरी र नन्दलाल चौधरी, प्राविधिक सल्लाहकारमा डा कृष्णराज सर्वहारी, नरेश कुमार चौधरी तथा भोगेन्द्र यादव रहेका थिए ।

डा कृष्णराज सर्वहारीको मूल संयोजनमा कक्षा १ देखि ५ सम्मको पाठ्यपुस्तक 'हमर सुरूङ्गा' पनि २०८०/०८१ मा तयार भएको छ । यसको लेखक समूहमा उमानाथ यादव, डा भागवत ठाकुर, नरसिंह चौधरी, चन्द्रकला खनाल, मोहनीप्रसाद दाहाल शर्मिला चौधरीलगायत रहेका छन् । यस पुस्तकमा देव कोइमीको चित्राङ्कन रहेको छ ।

स्थानीय पाठ्यपुस्तकले वालवालिकाहरूलाई शुरुदेखि नै स्थानीय रीतिरिवाज, संस्कृति, पहिरन, भाषा, सांस्कृतिक क्षेत्र, स्थानीय परिवेश, पेक्षा र स्थानीय विशिष्ट व्यक्तिबारे परिचित गराउने छ ।

**वक्तृत्वकला प्रतियोगिता सम्पन्न**

राष्ट्रिय बाल दिवस २०७९ को अवसरमा भदौ २९ गते श्री राष्ट्रिय आधारभूत विद्यालय कदमाहामा वक्तृत्वकला प्रतियोगिता भयो । कार्यक्रममा नगरभित्रका माध्यमिक विद्यालयका ११ वटै वडाका वडा बालसञ्जालका भाइवहिनी उपस्थित थिए ।

"बालमैत्री समाजको आधार : जिम्मेवार परिवार, उत्तरदायी सरकार" शीर्षकको यस वक्तृत्वकला प्रतियोगिताको निर्णायकहरुमा हिरालाल राना, भोगेन्द्र यादव, धनबहादुर पुलामी रहेका थिए । यस प्रतियोगितामा नगर भित्रका ६ वटा आधार भूत विद्यालय र २ वटा वडा बालसञ्जालका सहभागीहरुले भाग लिएका थिए । जसमा जनता माध्यमिक विद्यालय, सु.न.पा १ शिशुवारीकी भावना न्यौपाने

प्रथम, मसिलाल जनता माध्यमिक विद्यालय, सु.न.पा ६ कुशहाकी बबिता बस्नेत द्रितिय, केशर माध्यमिक विद्यालय, सु.न.पा ९ टिकुलियाकी चन्दन कुमारी पण्डित तृतिय तथा नमुना बाल क्लव सु.न.पा २ का राजेश कटुवालले सान्त्वना स्थान प्राप्त गरेका थिए । विजेताहरुलाई ट्रफीका साथै स्टेशनरीलगायत सामग्री वितरण गरिएको थियो । सोही कार्यक्रमा नगरबाल सञ्जालले बाल बिवाह जिन्दगी तवाह शीर्षकमा नाटक पनि प्रस्तुत गरेको थियो ।

# स्वास्थ्य शाखा

## स्वास्थ्य शाखाबाट भएका मुख्य मुख्य क्रियाकलापहरू

- ज्येष्ठ नागरिकहरूलाई मधुमेह रोगको जाँच गर्न फिल्डमा खटिने २४ जना स्वास्थ्यकर्मीहरूलाई २०७९ भदौ १९ गते एकदिने ग्लुकोमिटरसम्बन्धी अभिमुखिकरण गरियो ।
- सुरुङ्गा नगरपालिकाको ६० वर्ष भन्दा माथिका ४२५० जना ज्येष्ठ नागरिकहरूको घरदैलोमा गई स्वास्थ्य जाँच गरियो ।
- २०७९ मंसिर १९ गते महिला स्वास्थ्य स्वयम्सेविका दिवस २०७९ सुरुङ्गा नगरपालिका-५ स्थित कभर्ड हलमा मनाइयो ।
- क्यान्सरसम्बन्धी जाँचका लागि हरिसिद्धि कयान्सर अस्पताल ललितपुरवाट १७ जना चिकित्सक, नर्स र प्राविधिकहरूको टोलीले कयान्सर रोगको परीक्षण गर्नुको साथै १३५ जना महिलाहरूको प्याप स्मेयर सङ्कलन गरी जाँचको लागि पठाइएको ।
- सुरुङ्गा नगरपालिका-५ कुशहामा कुष्ठरोग अस्पताल लालगढका छालारोग विशेषज्ञ चिकित्सकहरूमार्फत् नगर भित्रका करिव ६७५ जना रोगीहरूको स्वास्थ्य परीक्षण गर्दा ५ जनामा कुष्ठरोग फेला पर्यो ।
- नगर भित्रका गर्भवती तथा सुत्केरी आमाहरूको पोषण सुधार गर्न पोषिलो खाद्यवस्तु अण्डा ५६१ जना सुत्केरी आमाहरूलाई वितरण गरियो ।
- २०८० असार २२ गते शुक्रवारका दिन नगरपालिकालाई पूर्ण खोपयुक्त नगरपालिका घोषणा कार्यक्रम सम्पन्न ।
- मुटु रोगी १७, क्यान्सर रोगी २८, स्पाइनल इन्जुरी रोगी ३, मिर्गौला रोगीको ऐक्युट रेनल फेलियर ५ गरी जम्मा ५३ जनालाई उपचार सहुलियतको लागि संघीय सरकारलाई सिफारिश गरियो ।

### जनतासँग मेयर ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम

सुरूङ्गा नगरपालिकाको कुल जनसंख्यामध्ये ६० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकको संख्या ६१६० रहेको छ। नेपालको संविधान २०७२ को धारा ३४ मा स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा लिइएको। सोही क्रममा ज्येष्ठ नागरिकको स्वास्थ्य समस्याहरू प्राथमिकतामा राखी स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन भइरहेको छ ।



यस कार्यक्रममा रक्तचाप जाँच र मधुमेह रोगको ग्लूकोमिटर प्रयोग गरी जाँच गर्ने व्यवस्था मिलाइएको छ । ज्येष्ठ नागरिकमध्ये

आ.ब.२०७९/०८० मा ४२५० जनाले सेवा पाएका छन्। कार्यक्रमअन्तर्गत विशेषतः रक्तचाप, मधुमेह, दम, जुकाको औषधीदेखि भिटामिन पनि वितरण गरिएको छ। यो कार्यक्रम निरन्तर रुपमा सञ्चालनमा छ।

## पाठेघर क्यान्सर परीक्षण तथा स्वास्थ्य शिविर

पाठेघर क्यान्सर परीक्षण तथा स्वास्थ्य शिविर २०७९ पुस १६ गते सम्पन्न गरिएको थियो। यस क्रममा सुरूङ्गा नगरपालिकाका नगरप्रमुख गिता चौधरीको विशेष पहलमा हरिसिद्धि क्यान्सर अस्पताल ललितपुरवाट चिकित्सक, नर्स र प्राविधिकहरू गरी १७ जनाको टोली आएको थियो।

टोलीले क्यान्सर रोगको परीक्षण गर्नुको साथै १३५ जना महिलाहरूको प्याप स्मेयर संकलन गरी जाँचको लागि हरिसिद्धि क्यान्सर अस्पताल ललितपुर पठाएको थियो। परीक्षणको क्रममा क्यान्सर रोग नभएको देखियो।

प्राथमिक स्वास्थ्य केन्द्र कडरवोनाका डा. प्रशान्त चौधरी र डा. सचिन कुमार चौधरीले जनरल स्वास्थ्य परीक्षण गरेका थिए। कुल १६५ जना विरामीहरूको स्वास्थ्य परीक्षण गर्दा अधिकांशलाई कमजोरी, टाउको दुख्ने, छालासम्बन्धि रोग, joint problem COPD लगायत रोग देखिएको थियो।

## छाला रोगको स्वास्थ्य शिविर

छाला रोगको स्वास्थ्य शिविर सुरूङ्गा नगरपालिकाको वडा नं. ५ कुशहामा २०७९ फागुन ४ मा गरिएको थियो। कार्यक्रमको मुख्य उदेश्य कुष्ठरोगीहरू पत्ता लगाउनु रहेको थियो। कुष्ठरोग अस्पताल लालगढका छालारोग विशेषज्ञबाट नगर भित्रका ६७५ जना छालारोगी तथा अन्य रोगीहरूको स्वास्थ्य परीक्षण गरिएको थियो। यस क्रममा ५ जनामा कुष्ठरोग फेला परेको थियो।




## पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा सभा २०८०

पूर्ण खोप सुनिश्चितता कार्यक्रम सुरूङ्गा नगरपालिकाले विगत ३ वर्षदेखि सञ्चालन गर्दै आईरहेको छ। यो कार्यक्रम फागुन महिनादेखि सुरु गरिन्छ। चैत महिनामा बच्चाहरूको नामावली संकलन गरी वैशाख महिनामा 'खोजौं र खोपौं' नाराका साथ  खोप लगाउने अभियान सञ्चालन गरिन्छ। जेठ महिनाको पहिलो साता वडा घोषणा गरी अन्तिम सातामा नगर घोषणा गरिन्छ। यस वर्ष २०८० असार २२ गते शुक्रवारका दिन पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा सभा गरियो।

## अन्तर्राष्ट्रिय अपाङ्ग दिवस मनाइयो

३१ औ विश्व अपाङ्गता दिवस २०७९ को अवसरमा अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामाग्री र सुरक्षा सामाग्री वितरणलगायत कार्यक्रम गरी मंसीर १६ मा सुरुङ्गा-५, कुशहा कबर्ड हलमा मनाइयो।

कार्यक्रममा नगर प्रमुख गिता चौधरीले अपाङ्ग




व्यक्तिहरुको लागि नगर अपाङ्ग कोष पनि गठन गरिएको जानकारी गराइन् । कार्यक्रममा अपाङ्गता भएका जम्मा ६६ जनालाई ११ वटा ह्वील चेयर, २५ वटा वैशाखी, १५ वटा फोलडिङ लठ्ठी र १५ वटा सेतो छडी नगर प्रमुख गिता चौधरी र नगर उपप्रमुख रुद्रबहादुर कार्कीबाट सहायक सामाग्री वितरण गरिएको थियो ।

## मातृ तथा नवशिशु कार्यक्रम

### क. गर्भवती जाँच

सुरुङ्गा नगरपालिकाअन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुले आ.ब.२०७९/०८० मा लक्ष्य १०२२ जना गर्भवतीलाई जाँच गर्ने रहेको थियो । जसमध्ये प्रथम पटक जाँच ९७.५ प्रतिशत, प्रोटोकलअनुसार चौथो पटक जाँच ८६ प्रतिशत भएको छ ।

### ख. बर्थिङ्ग सेन्टर

स्वास्थ्य चौकी पिप्रा पश्चिम, प्राथमिक स्वास्थ्य सेवा केन्द्र कडरवोना र स्वास्थ्य चौकी टिकुलिया ए गरी सुरुङ्गा नगरपालिकामा ३ वटा स्वास्थ्य संस्थाहरुमा बर्थिङ्ग सेन्टर सञ्चालनमा रहेका छन् । आ.ब.२०७९/०८० मा संस्थागत सुत्केरी संख्या १९९ भएको थियो । जसमध्ये प्राथमिक स्वास्थ्य सेवा केन्द्र कडरवोनामा १३७ जना, स्वास्थ्य चौकी पिप्रा पश्चिममा ६० जना र स्वास्थ्य चौकी टिकुलिया ए मा २ जना मात्र सुत्केरी भएका थिए ।

### ग. उत्तर प्रसुति सेवा

सुरुङ्गा नगरपालिकामा रहेका स्वास्थ्य संस्थाहरुबाट आ.ब.२०७९/०८० मा ५२१ जना सुत्केरी आमाहरुलाई घरमै गएर जाँच गर्ने काम गरियो ।

## विपन्न वर्ग जीविकोपार्जन कार्यक्रम कार्यक्रमः

विपिन्न वर्ग कार्यक्रमअन्तर्गत सुरुङ्गा नगरपालिकाले आ.ब. २०७९/०८० मा संघीय सरकारको अनुदानबाट लक्षित ४ वटा रोगलाई दिने रकम रु ५ हजार निम्न रोगमा जम्मा ३० जनालाई दियो ।

१. स्पाईनल पारालाईसिस - २ जना
२. मिर्गौला रोग - ५ जना
३. क्यान्सर रोग -२३ जना
४. डायलसिस -० जना

## विपन्न वर्ग उपचार सिफारिश

यस नगरपालिकाको आ.व.२०७९/०८० मा विपन्न वर्ग नागरिक उपचार सहुलियतको लागि सिफारिश ५३ जनालाई दिइयो । जसमा मुटु रोगको लागि १७ जना, क्यान्सर रोगको लागि २८ जना, स्पाईनल ईन्जुरीको लागि ३ जना र मिर्गौला रोगको लागि ५ जनालाई सिफारिश दिइयो ।

## स्वास्थ्य बीमा कार्यक्रम

सुरुङ्गा नगरपालिकामा स्वास्थ्य बीमा कार्यक्रम शुरु भएको २०७५ सालदेखि २०८० असार मसान्तसम्म सामान्य परिवारका १०३६ जना, महिला स्वास्थ्य स्वयमुसेविका ३२ जना, ज्येष्ठ नागरिक ८८२ जना, अपाङ्ग २० जना र कुष्ठरोगी १ जनाले स्वास्थ्य बीमा गरेका छन् ।

## नगरस्तरीय जनस्वास्थ्य प्रयोगशाला

सुरुङ्गा नगरपालिका-६ स्थित यस पालिकाकै एक मात्र प्राथमिक स्वास्थ्य सेवा केन्द्र कडरवोना मधेश प्रदेश जनस्वास्थ्य प्रयोगशालाले आधुनिक किसिमको प्रयोगशाला सञ्चालन मेशिन उपलब्ध गराएको छ । सो नगरस्तरीय जनस्वास्थ्य प्रयोगशालाको उद्घाटन २०८० वैशाख ३१ गते सप्तरी-४ का संघीय सांसद तेजुलाल चौधरीबाट भएको थियो। एक वर्षको अवधिमा यस नगरस्तरीय जनस्वास्थ्य प्रयोगशालाबाट २६५ जनाले सेवा लिएका छन् ।

## स्वास्थ्य चौकी पिप्रा पश्चिम

यस सुरुङ्गा नगरपालिकामा स्वास्थ्य चौकीहरु ९ वटा मध्ये स्वास्थ्य चौकी पिप्रा पश्चिम एक हो । सुरुङ्गा-स्गित यस स्वास्थ्य चौकीमा २०७४ फागुन २४ गतेदेखि वर्थिङ्ग सेन्टर सञ्चालन भएको हो ।

यस स्वास्थ्य चौकीले सामान्य उपचार सेवादेखि खोप, पोषण सेवा, मातृ तथा नवशिशु, परिवार नियोजन सेवा, क्षयरोग, कुष्ठरोग सेवा, झाडापखाला, CB-IMINCI सेवा, OTC, किशोर किशोरी सेवा, स्वास्थ्य प्रवर्द्धन, प्रसूती सेवा, औलो कालाज्वरो सेवासम्म दिने गरेको छ ।




## आ.व. २०७९/०८० मा गरेका कार्यक्रम

**OTC** मा भर्ना ७ जना भएकोमा ३ जनालाई निको बनाएर पठाइएको थियो । यस चौकीबाट दिइएका अन्य सेवाको उपलब्धि प्रतिशत:

| | | |
|---|---|---|
| १. | MR2 | -१०८.८ % |
| २. | CPR | -८.७% |
| ३. | पोषण | -११.५ % |
| ४. | संस्थागत सुत्केरी | -६० जना |
| ५. | डि.पि.टी. ३ | -१०५ % |
| ६. | पुर्ण स्तनपान | -९३.६३% |
| ७. | ANC | -९७ % |
| ८. | 4TH Visit | -९२% |
| ९. | 8TH Visit | -८५ % |
| १०. | PNC 3rd | -६२% |
| ११. | PNC 4th | -३७.५% |
| १२. | HP MSS Score | -७३% |

# महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा

- अपाङ्ग दिवसको अवसरमा अपाङ्गता भएका व्यक्तिहरूका लागि सहायक सामग्री सेतो छडी, ह्वील चेयर, वैशाखी, लठ्ठी र किट्नाशक झुल वितरण ।
- वडा न ३ लाई बालमैत्री वडा घोषणा गर्ने भएकाले उक्त वडामा रहेका महिला समुह समितिमा बालविवाह निगरानी समिति गठन ।
- बालमैत्री स्थानीय शासन नगर समिति, वडा समितिदेखि स्थानीय बालअधिकार समिति गठन, सरोकारवालाहरूको अभिमुखीकरण तालिम । साथै, बाल दिवसको अवसरमा नगर सञ्जालका बालबालिकाहरूलाई वतृत्वकला प्रतियोगिता ।
- समुह समितिका महिलाहरूलाई आर्थिक रुपमा सक्षम बनाउनका लागि मखमल र ढाकाको कपडा जुत्ता बनाउने तालिम र सिलाई कटाईको तालिम । यसका साथै, तालिम लिएर व्यापार गरिरहेका महिलाहरूलाई थप सीपमा लेहङ्गा र चोली बनाउने तालिम प्रदान । सिलाई कटाईको तालिम लिएका हिंसापिडित, विपन्न गरीब महिलाहरूलाई नारी दिवसको अवसरमा प्रत्येक वडाबाट १/१ जना गरी जम्मा ११ जनालाई सिलाई मेसिन प्रदान ।
- सुरुङ्गा नगरलाई २०७९ मंसिर १४ बालविवाहमुक्त नगर घोषणा गर्ने भनेर भएको निर्णयलाई सार्थक बनाउन बालविवाहसम्बन्धी जनचेतनामुलक सडक नाटक ११ वटै वडामा ११ स्थानमा प्रदर्शन ।
- समुह समुह भित्रका रहेका १६ जना अति गरिब, एकल महिलाहरुलाई लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा बाखा वितरण ।
- नगर सञ्जालका पदाधिकारीहरूलाई बालअधिकार र सामाजिक सञ्जाल तथा साइबर क्राइमसम्बन्धी प्रशिक्षण कार्यक्रम । ज्येष्ठ नागरिक दिवसको अवसरमा १५० जना ज्येष्ठ नागरिकलाई फाइबरको सिरक वितरण गरी सम्मान गरिएको ।

**सुरुङ्गा मधेश प्रदेशकै पहिलो वालविवाह मुक्त नगर**

सप्तरीको सुरूङ्गा नगरपालिका मधेश प्रदेशकै पहिलो वाल विवाह मुक्त नगरको रूपमा घोषित गरिएको छ ।

२०७९ मङ्सिर १४ गते घोषणा सभाको प्रमुख आतिथ्यताबाट बोल्दै नगरको यस्ता सकारात्मक कार्य र शैक्षिक उन्नयनको लागि आफूले सदैव पहल गर्ने सप्तरी-४ का सांसद तेजुलाल चौधरीले बताए ।

सवल नेपाल र सेभ दी चिल्ड्रेनको साझेदारीमा सुरूङ्गा नगरपालिका कार्यालयले आयोजना गरेको एक समारोहका बीच नगरलाई पूर्ण रुपमा वालविवाह मुक्त नगर भनेर घोषणा गरिएको हो ।

नगरले चालु आर्थिक वर्षमै पास गरेको वालविवाह मुक्त अभियान संचालन निर्देशिका-२०७९ अनुसार नगरपालिकाको वडाहरूमा बाल विवाहको घटना तथ्याङ्क, उजुरी, बालबालिकालाई अनिवार्य जन्मदर्तालगायत १४ वटा सूचकको आधारमा वालविवाह मुक्त नगर घोषणा गरिएको नगर प्रमुख गीता चौधरीले जानकारी दिइन् ।

पालिकाले गरेको सर्वेक्षणलाई हेर्ने हो भन्ने एक वर्षमा भएको ३ सय ३५ वटा विवाहमध्ये १८ वटा मात्रै वालविवाह भएको तथ्याङक देखिन्छ । यो नगरमा २०७६ मा ३४, २०७७ मा १०, २०७८ मा आठ, २०७९ मा एउटा मात्रै वालविवाह भएको तथ्याङकले देखिन्छ। यसरी हेर्दा नगरमा वालविवाह शुन्य हुँदै छ ।

प्रदेशकै पहिलो वाल विवाह मुक्त नगर घोषणा समारोहमा जिल्लाका जनप्रतिनिधि तथा प्रशासनिक निकायका प्रमुखहरुको उपस्थिती रहेको सवल नेपालका निर्देशक दिपक झाले जानकारी दिए ।

## लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान कार्यक्रममा नाटक प्रदर्शन

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान विभिन्न कार्यक्रम आयोजना गरी २०८० मंसिर ९ देखि २४ गतेसम्म सुरूङ्गा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको आयोजनामा सम्पन्न भयो। यस क्रममा पहिलो दिन प्रतिबद्धता सङ्कलन, दोसो दिन सुरूङ्गा नगरपालिका बालविवाह मुक्त दिवस मनाइयो। यस्तै, अरु दिन बालबालिका र अभिभावकहरुलाई लैङ्गिक हिंसासम्बन्धी मनोसामाजिक समस्या र मनोविमर्श सेवासम्बन्धी छलफलदेखि लैङ्गिक हिंसाविरुद्धमा जनचेतनामुलक सडक नाटक देखाइयो । समापनमा हिंसा पीडित लैंगिक हिंसा शीर्षकमा निबन्ध प्रतियोगिता र जनचेतनामुलक नाटक प्रदर्शन, साँस्कृतिक कार्यक्रम, पुरस्कार वितरणलगायत कार्यक्रम गरी समापन गरियो ।

त्यसैगरी, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सडक नाटकलगायत विभिन्न कार्यक्रम गरी २०७९ मंसिर ९ देखि २४ गतेसम्म सम्पन्न भयो।

यस वर्षको राष्ट्रिय नारा सभ्य समाजको पहिचान



: लैङ्गिक हिंसा विरुद्धको अभियान" तथा अन्तर राष्ट्रिय नारा "UNITE ACTIVISM TO END VOILANCE AGAINST WOMAN & GIRLS." भन्ने रहेको थियो ।

सुरूङ्गा नगरकार्यपालिकाको कार्यालयमा भएको पहिलो दिनको कार्यक्रममा नगरप्रमुख गिता चौधरीलगायत नगरका जनप्रतिनिधि तथा कर्मचारीहरुको उपस्थितिमा 'हामी लैङ्गिक हिंसा गर्दैनौ, गराउदैनौ' भन्ने प्रतिवद्धता जनाई हस्ताक्षर संकलन कार्यक्रम सम्पन्न भएको थियो ।

साथै, मंसिर ११ देखि २३ गतेसम्म सुरूङ्गा नगरपालिकाको भेडिया, कनकपुर, शिशुवारी, कुशहा, धाँती वजार र थलाह वजार गरी छ स्थानमा सुरूङ्गा नगर बाल सञ्जालका पूर्व अध्यक्ष विसेन्द्र पासवानद्वारा लिखित नाटक प्रस्तुत गरिएको थियो ।

प्रदर्शित यस नाटकमा विनिता कुमारी पासवान, निरु कुमारी पासवान, सलमा खातुन, सागर पासवान, जेनिस पासवान, अन्जुम खातुन, चाँदनी कुमारी चौधरी, मो. साहिल हासमी, एलिसा कुमारी साह, पवन कुमार साह, देवकुमार साह, सरस्वती कुमारी पासवान, नेहा रौनियारलगायत कलाकारले भाग लिएका थिए ।

छ स्थानमा प्रस्तुत गरिएको सडक नाटक



कार्यक्रममा करिव १५०० दर्शकले अवलोकन गरेका थिए । नाटकले छोराछोरीमा भेदभाव गर्न नहुने, जातीय आधारमा छुवाछुत गर्न नहुने, बालविवाह गर्दा भोग्नुपर्ने समस्या लगायतको बारेमा केन्द्रीत थियो ।

## सुरूङ्गा मधेश प्रदेशकै पहिलो बालविवाह मुक्त नगर घोषित

सुरूङ्गा नगरपालिका मधेश प्रदेशकै पहिलो बालविवाह मुक्त नगरपालिका घोषणा गर्न सफल भएको छ । २०७९ मंसिर १४ गते बालविवाह मुक्त नगर घोषणा सभाको प्रमुख अतिथि प्रतिनिधि सभा सदस्य तेजुलाल चौधरी रहेका थिए भने अध्यक्षता सुरूङ्गा नगरका नगरप्रमुख गीता चौधरीले गरेकी थिइन् ।

बालविवाह मुक्त नगर घोषणा कार्यक्रममा सवल नेपाल राजविराज र सेभ द चिल्ड्रेनको सहयोग र समन्वयमा भएको थियो । नगर उपप्रमुख रुद्र बहादुर कार्कीले स्वागत गरेको कार्यक्रमको संचालन शिक्षा स्रोत व्यक्ति भोगेन्द्र यादवले गरेका थिए । त्यसैगरी, नगरकार्यपालिकाका तात्कालीन प्रमुख प्रशासकीय अधिकृत गजेन्द्रनाथ शर्माले बालविवाह मुक्त नगरपालिका घोषणा सभा २०७९ सम्वन्धमा संक्षिप्त प्रतिवेदन प्रस्तुत गरेका थिए । जसमा बालविवाह मुक्त नगर घोषणा गर्न अपनाइएका क्रिया प्रक्रियाहरुको बारेमा जानकारी दिइएको थियो ।

यो कार्यक्रम सम्पन्न पार्न यस नगरले विभिन्न मितिमा बालविवाह मुक्त घोषण पश्चातको रणनीतिक योजना र निर्देशिका, २०७९ समेत पारित गरेको छ ।

कार्यक्रमको विचविचमा गायन, नृत्य तथा बालविवाहविरुद्ध नाटक प्रस्तुत गरिएको थियो । कार्यक्रममा बालविवाह मुक्त नगर घोषणा गर्न सहयोग पुर्‍याउने संघ संस्था र व्यक्तिहरुलाई प्रशंसा पत्र र मायाको चिनो वितरण गरिएको थियो ।

बालविवाह मुक्त नगर घोषणा कार्यक्रममा प्रदेश सभा सदस्यद्वय गोविन्द न्यौपाने र अनिरुद्र सिंह, प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापा, पूर्व सांसद नमिता चौधरी, सप्तरी जिल्ला वन अधिकृत हेमन्त साह, त्रियुगा नगरपालिकाका नगर उपप्रमुख महेश्वरी राई, प्रहरी उपरीक्षक अवि नारायण काफ्ले, संझना घिमिरे, सुरूङ्गा नगरपालिकाका पूर्वप्रमुख मुक्तिनाथ चौधरी लगायतका अतिथि सहभागी थिए ।

## बालबालिकाको लागि भित्ते पत्रिका लेखन सीपसम्बन्धी तालिम

सुरूङ्गा नगरपालिकास्तरीय बालबालिकाको लागि भित्ते पत्रिका लेखन सीपसम्वन्धी दुई दिने तालिम २०७९ माघ २९ र फागुन १ नगरकार्यपालिकाको कार्यालय मधुपट्‌टी, सप्तरीमा सम्पन्न भयो ।

उद्‌घाटन कार्यक्रमको सञ्चालन महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाकी शाखा प्रमुख रिंकु कुमारी यादव, नगर बाल सञ्जालका अध्यक्ष सुस्मिता राउतको अध्यक्षता तथा सुरूङ्गा नगरपालिका नगरप्रमुख गीता चौधरीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

उद्‌घाटन सत्रमा नगर प्रमुख गिता चौधरीले




हालसम्म पत्रकारिताको क्षेत्रमा यस सुरुङ्गा नगरपालिकामा काम गर्न व्यक्ति पाउन गाह्रो भइरहेकोमा पत्रकारिताको क्षेत्रमा भाइबहिनीहरुलाई चम्किला ताराझैं उदाएको देख्न पाउने चाहना रहेको धारणा राखिन् ।

भित्ते पत्रिका लेखन तालिमका सहजकर्ता पत्रकार देवराज पोखेलले समाचार संकलन कसरी गरिन्छ, पत्रिकाको कुन भागमा के लेख्ने, कसरी अन्तर्वार्ता लिदा प्रभावकारी मानिन्छ, सम्पादकीय के हो ? जस्तो जानकारी प्रयोगात्मक तरिकाले जानकारी दिएका थिए ।

कार्यक्रम रमाइलो वातावरणमा दक्ष प्रशिक्षकबाट भएको कारण सहभागीहरु प्रशिक्षकको प्रस्तुति शैलीबाट दंग थिए । तालिम अवधि थोरै भएको र यो कार्यक्रम कम्तिमा एक साता हुनुपर्ने उनीहरुको भनाई थियो ।

कार्यक्रममा नगरका ११ वटै वडाका बाल क्लबबाट करिव ३० भाइबहिनीहरुको सहभागिता रहेको थियो ।

## ज्येष्ठ नागरिकलाई सम्मान

ज्येष्ठ नागरिक दिवसको अवसरमा सुरूङ्गा नगरपालिका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको आयोजनामा २०७९ असोज २७ गते ज्येष्ठ नागरिक सम्मान कार्यक्रम गरिएको छ ।

नगरको कभर्ड हलमा गरिएको कार्यक्रममा १ देखि ११ वडाका जम्मा १५० जना ज्येष्ठ नागरिकलाई फाइवरको सिरक प्रदान गरी सम्मान गरिएको थियो । नगर प्रमुख गिता चौधरी, नि. प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्य, वडाध्यक्ष, महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख रिंकु कुमारी यादवलगायत विभिन्न शाखा प्रमुखहरुको बाहुलीबाट ज्येष्ठ नागरिकलाई सम्मान हस्तान्तरण गरिएको थियो ।

## एकल महिलाहरुलाई बाखा वितरण

सुरुङ्गा नगरपालिका महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाद्वारा नगरपालिकामा गठन भएको विभिन्न समूहले मासिक रु. १०० का दरले भविष्यका लागि बचत गरिरहेका छन् । सोही



समूहका विशेष गरी एकल महिलाहरुको जीविकोपार्जनका लागि सुरुङ्गा नगरपलिकाको कार्यालय मधुपट्टीमा बाखा वितरण गरिएको छ । (कहिले, कतिजनालाई)

सहभागीहरुलाई गोला प्रथाद्वारा नम्वर छनौट गराई सोही नम्वरको आधारमा बाखा छनौट गरी

आआफ्नो समूहको अध्यक्ष, नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र सामाजिक विकास समितिको संयोजकको रोहोवरमा उहाँहरुको हातबाट बाख्रा वितरण गरिएको थियो ।

कार्यक्रममा सुरुङ्गा नगरपालिकाको १ देखि ११ वडाका महिला समूहका पदाधिकारीहरुको उपस्थितिमा समूह भित्रका एकल महिलाहरुबिच परिचयात्मक कार्यक्रमका साथै आफ्ना दुःख सुखका अनुभवहरु साटासाट गरेका थिए । कार्यक्रममा बीमा कम्पनीका प्रतिनिधि शशी कार्कीले बीमाको बारेमा जानकारी दिएका थिए । कार्यक्रममा शिक्षा अधिकृत धन बहादुर पुलामी र शिक्षा स्रोत व्यक्ति भोगेन्द्र कुमार यादवले एकल महिलाले आत्मबल उच्च राख्नुपर्ने धारणा राखेका थिए ।

### अन्तर जिल्ला संस्थागत अवलोकन भ्रमण

सुरुङ्गा नगरपालिकाको महिला समूह समिति तथा सहकारी संस्था, लघुउद्यमी समूहमा आवद्ध सदस्यहरुलाई २०७९ चैत १६ गतेदेखि १८ गतेसम्म अन्तर जिल्ला संस्थागत अवलोकन भ्रमण गराइएको छ ।

समूहमा आवद्ध सदस्यहरुले सिमरा महिला बहुउद्देश्यीय सहकारी संस्था लि., श्री बखान



बहुउद्देश्यीय सहकारी संस्था लि.चितवन, देवघाट मन्दिर तनहुँ, सिजी मन्दिर नवलपरासी तथा सहिद स्मारक पार्क हेटौडालगायत स्थान भ्रमण गरेका थिए ।

समूहका सदस्यहरुको क्षमता अभिवृद्धि, सहकारीलाई कसरी अगाडी बढाउने, ऋण कसरी लगानी गर्ने, उत्पादन गरेको सामग्री कसरी बजारीकरण गर्ने, अरु-अरु जिल्लाको महिला समूहको समितिहरुले कसरी काम गरिरहेका छन्, सोको बारेमा द्वीपक्षीय छलफल तथा सिकाइ आदान प्रदान भ्रमणको मुख्य उद्धेश्य रहेको थियो ।



सुरुङ्गा नगरपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा तथा लघुउद्यम विकास शाखा (मेडपा)को साझेदारीमा अन्तर जिल्ला संस्थागत अवलोकन भ्रमण गरिएको हो । भ्रमण टोलीमा ४५ जना रहेका थिए ।

सिमरा महिला बचत तथा ऋण सहकारी संस्था लि.का पदाधिकारीहरुले दिएको जानकारीअनुसार २०६३ साल चैत्र ११ गते स्थापना भएको समूहले सुरुमा प्रति सदस्य ५ देखि १० रुपैयाँ मात्रै जम्मा गर्ने गरेको थियो । हाल सहकारीको लगभग १८०० जना सदस्य रहेकोमा कुल सम्पत्ति लगभग २५ देखि २७ करोड रुपैया रहेको छ ।

त्यस्तै, बिसं २०१० सालमा गण्डक क्षेत्रमा भीषण बाढी र पहिरोले वितण्डा मच्चाएको थियो ।




यस्तोमा चितवनका केही स्थानीय युवाले नेता बखान सिंह गुरुङसँग सहकार्य गरी राप्तीदुन क्षेत्रमा गण्डकी क्षेत्रमा आएको बाढी र पहिरोबाट विस्थापितहरुलाई जग्गा दिलाएर बस्ती बसाउने योजना बनाए । यसरी राप्तीदून विकास परियोजनाअन्तर्गत सहकारीको माध्यमबाट ऋण सहयोग परिचालन गर्ने उद्देश्यले २०१३ साल चैत्र २० गते नेपालकै पहिलो ऋणसम्बन्धि संस्था, श्री बखान बहुउद्देश्यीय सहकारी संस्था लि.चितवन गठन भएको सहकारीका पदाधिकारीहरुबाट जानकारी पाइयो ।

### मखमल र ढाकाको जुत्ता बनाउने तालिम

सुरुङ्गा नगरपालिकाका महिला समूह तथा तिनका सदस्यहरुलाई व्यवसायी बनाउनका लागि १६ दिने मखमलको जुत्ता बनाउने तालिमको आयोजना गरिएको छ ।




२०८० वैशाख २७ देखि जेठ १६ गतेसम्म नगरपालिकाको वडा न.५ को कार्यालय कुशहामा सम्पन्न तालिममा विशेष गरी महिलाहरुको अहिले

**ज्येष्ठ नागरिक शाखाको आयोजनामा भएको तालिममा जम्मा २५ जना महिलाहरूको सहभागिता रहेको थियो । तालिमको मुख्य प्रशिक्षकको रूपमा कमला विश्वकर्मा र सहायक प्रशिक्षकमा बबली कुमारी यादव थिए ।**



चलनचल्तीमा रहेको विवाह, पूजा आदि समारोहमा लगाइने मखमल र ढाकाको कपडाको जुत्ता बनाउन सिकाइएको थियो ।



सुरुङ्गा नगरपालिकाको महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको आयोजनामा भएको तालिममा जम्मा २५ जना महिलाहरुको सहभागिता रहेको थियो । तालिमको मुख्य प्रशिक्षकको रुपमा कमला विश्वकर्मा र सहायक प्रशिक्षकमा बबली कुमारी यादव थिए । तालिममा जम्मा ४ प्रकारको जुत्ता बनाउन सिकाइएको थियो । तालिम उद्घाटन र समापन कार्यक्रमको अध्यक्षता वडा न. ५ को वडाध्यक्ष दिलाराम चौधरीले गरेका थिए ।

# उद्यम विकास शाखा




### लघु उद्यम विकास कार्यक्रम

लघु उद्यम विकास कार्यक्रमअन्तर्गत कूल बजेट २७ लाख ६९ हजार रहेकोमा

जम्मा खर्च २५ लाख ८८ हजार अर्थात् ९३.५० प्रतिशत भएको छ । यो कार्यक्रम वडा २ र ५ मा सञ्चालन भएको थियो । (हेर्नुहोस तालिकामा)

### हस्तकलाको तालिममा उत्साहित महिलाहरू

उमेरले ६० कटिसकेकी सुरूङ्गा नगरपालिका-८ की नारायणीदेवी चौधरीलाई भातभान्सा गर्नु र खेतबारीमा काम गर्नुबाहेक अन्य काम पनि गर्न पाए हुन्थ्यो भन्ने हुटहुटी सधैं भइरहन्थ्यो । यस्तोवेला सुरूङ्गा नगरपालिकाको हस्तकला सीपमूलक तालिमले उनलाई औंधी खुसी दिएको छ ।

तालिमले नारायणीदेवीको दिनचर्या फेरिएको छ । एकाबिहानै उठेर हतार हतार खाना पकाए घरको सदस्यलाई खुवाई आफूसमेत खाएर ठिक १० बजे उनी नगरपालिकाको तालिम हलमा आइसकेकी हुन्छिन् । एक महिनामा उनले मुज (डाला बनाउने एक प्रकारको घाँस) बाट बन्ने लगभग सबै प्रकारको सामग्री बनाउन सिकिसकेकी छिन् । उनी आफैले बनाएको केही थान डाला, पेन राख्ने, रोटी राख्ने (हटकेस)लगायत सामग्री बेचेर आम्दानी भएको सुनाइन् ।

सुरूङ्गा नगरपालिकाका दुई दर्जन महिलाहरूले

स्थानीय खेतबारीमा पाइने सिक्की, मुज प्रयोग गरी डाला, डस्टविन, नेपकिन केस, हटकेस, ट्रे, डालदौरा लगायतका विभिन्न सामग्रीहरू बनाउन सक्ने भएको नगर महिला विकास शाखा प्रमुख रिंकु कुमारी यादवले जानकारी दिइन् । त्यहीकी रत्नादेवी चौधरी पनि नगरपालिकाले दिएको तालिममा सिप सिकेर सुन्दर डालाहरु बनाउन भ्याएकी छिन् । उनी भन्छिन्, 'बजारमा पाइने प्लास्टिकको सामान भन्दा यो धेरै राम्रो हो । यसले हामी यो उमेरमा पनि आफ्नै सीप प्रयोग गरेर आम्दानी गर्न सक्छौं ।'



सप्तरीको दिदीबहिनीहरूलाई आफ्नो हातको सिप सिकाउन पाउँदा आफू खुसी भएको दाङदेउखुरीबाट आएकी प्रशिक्षक लक्ष्मी चौधरीले बताइन् । प्रशिक्षणको समयबाहेक लक्ष्मी आफैले घरमै सामग्री उत्पादन गरेर विदेशसम्म पठाउने गरेको र महिनाको ५० हजारदेखि १ लाखसम्म आम्दानी गर्दै आएकी छिन् । उनले भनिन्, 'बजारमा पाइने प्लाष्टिकको सामान मानव स्वास्थ्य र वातावरणको लागि पनि हानिकारक हुन्छ । तर स्थानीय कच्चा पदार्थ प्रयोग गरी हातबाट बनाइएको सामग्री वातावरणमैत्री र पुरानो भइसकेपछि खेतबारीमा सडेर मल बन्ने भएकोले पछिल्लो समय राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा समेत यो सामग्री धेरै रुचाइएको छ ।'

महिलाहरूले घरै बसी बसी कमाउने भएपछि यसले परिवार र समाजमा विभिन्न प्रकारको हिंसा न्यूनीकरण हुने मात्रै नभई नगरपालिकाको आर्थिक अवस्था बलियो हुदै जाने नगरप्रमुख गीता चौधरीको बुझाइ छ । सुरूङ्गा नगरपालिकाले महिलाहरूको उत्पादित सामग्रीको बजार तथा विक्री प्रवर्द्धनमा पनि सघाउने भएको छ ।

| शीर्षक | विवरण |
|---|---|
| सामाजिक परिचालन | ११२ जना |
| उद्यमशीलता विकास तालिम | १८ जना |
| एडभान्स सीप विकास तालिम | ३२ जना |
| सिलाई कटाई एडभान्स तालिम | २२ जना |
| ब्यूटीपार्लर एडभान्स तालिम | ३ जना |
| डल कुशन बनाउने एडभान्स तालिम | ७ जना |
| सीप विकास तालिम | ७६ जना |
| सिलाई कटाई तालिम | ५७ जना |
| दालमोठ भुजिया बनाउने तालिम | ७ जना |
| ब्यूटीफाई तालिम | १२ जना |

तालिम २०८० चैत १६ देखि २०८१ वैशाख ५ गतेसम्म चलेको थियो । तालिममा २० जना महिला सहभागी थिए ।

## उद्यम विकास शाखाद्वारा गरिएका विविध क्रियाकलापहरू

नेपालमा सन् १९९८ देखि सन् २०१८ सम्म संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम युएनडीपीको आर्थिक तथा प्राविधिक सहयोगमा “लघु उद्यम विकास कार्यक्रम” (मेडपा) सञ्चालन भएको थियो । जुन कार्यक्रम सन् २०१८ मा बहिर्गमन (फेज आउट) भयो । मेडेप कार्यक्रमले प्रयोग गरेको ‘मेड मोडेल’ उद्यमी सिर्जना गर्नको लागि सफल मोडेल भएकोले तत्पश्चात त्यही कार्यक्रमको मोडेललाई नेपाल सरकारले अंगिकार र आन्तरिकीकरण गरी “गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम” (मेडपा) सञ्चालन गऱ्यो । जसअन्तर्गत आ.व.२०७२/०७३ देखि २०७६/०७७ सम्म घरेलु कार्यालयबाट कार्यक्रम सञ्चालन भएको थियो भने आ.व.२०७७/०७८ देखि उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार काठमाडौंको आर्थिक सहयोगमा नेपालको ७७ वटै जिल्लाका ७५३ स्थानीय तहहरूमा “गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम” (मेडपा) सञ्चालन भई रहेको छ ।

यसक्रममा, “गरिबी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम” सुरूङ्गा नगरपालिका, सप्तरीमा आ.व. २०७८/०७९ देखि लागु भई सञ्चालन भईरहेको छ । यस नपामा आ.व.२०७८/०७९ मा ९५ जना नयाँ उद्यमी सिर्जना गर्ने लक्ष्य थियो, जसअन्तर्गत सुरूङ्गा नगरपालिकाको वडा नं. १ र ४ छनौट भएको थियो ।

सहभागीहरूकै माग तथा चाहनामा वडा नं. १ मा थाकलको हस्तकला बनाउने सीप विकास तालिम, सिलाई कटाई सीप विकास तालिम, ब्यूटी पार्लर सीप विकास तालिम भएको थियो । वडा ४ मा सिलाई कटाई सीप विकास तालिम, ब्यूटी पार्लर सीप विकास तालिम र लाहाको चुरा बनाउने सीप विकास तालिम प्रदान गरियो ।

त्यसै गरी आ.व. २०७९/०८० मा ८५ जना नयाँ





उद्यमी सिर्जना गर्ने लक्ष्य तोकेर दिइएको थियो । जसअन्तर्गत सुरूङ्गा नगरपालिका वडा नं. २ र ५ छनौट गरिएको थियो । जसमा सुरूङ्गा नपा वडा नं. २ मा दालमोठ, भुजिया बनाउने सीप विकास तालिम, सिलाई कटाई सीप विकास तालिम, र ब्यूटी पार्लर तालिम प्रदान गरेको थियो । यता, वडा नं. ५ मा ब्यूटी पार्लर सीप विकास तालिम र सिलाई कटाई सीप विकास तालिम प्रदान गरिएको थियो ।

उता, सुरूङ्गा न.पा. १ र ४ का पुरानो सहभागीहरूलाई थप स्तरोन्नति (एडभान्स) तालिम दिइएको थियो । यसै मध्येका आ.व. २०७९/०८० मा मेडपा कार्यक्रमबाट सीप विकास तालिम लिइएका सहभागीहरूमध्ये सुरूङ्गा नगरपालिका वडा नं.-५, बनिगमा, कुशहा, सप्तरीमा सुरूङ्गा नगरपालिका उद्यम विकास शाखा, मधुपट्टी, सप्तरीको सहयोग र सहजीकरणमा १० जनाको "हंसबाहिनी लघु उद्यमी समूह" का सहभागीहरूलाई ५ वटा बडी सिलाई मेशिन, कैंची, ईन्चीटेप, चकमिटि, तेल आदि सहयोग गरियो ।

प्रशिक्षार्थीहरूले तालिममा सिकेका सीपलाई व्यवहारमा लागु गर्दै अर्डर अनुसारका कपडाहरू सिलाइ गरी आफ्नो घरायसी प्रयोगसँगै आम्दानी पनि गरिरहेका छन् । यसरी फुर्सदको समयलाई सदुपयोग गर्दै "स्थानीय उत्पादन हाम्रो शान, गरौं उद्यमीहरूको पहिचान र सम्मान" भन्ने नारालाई मूर्त रुप दिदै आय-आर्जन गरिरहेका छन् ।

सुरुमा समूहका सहभागीहरूले रु.२५ हजार आफ्नै लगानी गरेर कच्चा पदार्थ, कपडाहरू किनेर ग्राहकहरूको आवश्यकता अनुसारको कपडा सिलाई गरि आइतबार र विहीवार कदमाहा बजार र शनिबार र बुधबार कुशहा बजार लगायत अन्य स्थानीय बजारमा आफूले उत्पादन गरेका कपडाहरू बिक्री गर्दछन् ।

*प्रस्तुतिः विजय कुमार चौधरी, उद्यम विकास सहजकर्ता*

# कृषि विकास शाखाका गतिविधि

## आन्तरिक स्रोततर्फ विभिन्न कार्यक्रम

कृषि विकास शाखाअन्तर्गत आन्तरिक स्रोततर्फ विभिन्न कार्यक्रम गरिएको छ । जस्तै, कृषि विद्युतीकरण, सामुहिक खेतीका लागि अनुदान, ७५ प्रतिशत अनुदानमा च्याउ, प्याजलगायत तरकारीको वीउ वितरण कार्यक्रम (हिउँदे र वर्षे), मेवा, सोहिजन खेती,  ओलको उत्पादन प्रदर्शन कार्यक्रम, बाली उपचार शिविर कार्यक्रम भएका छन् । साथै, कृषि सम्वन्धी तालिम, निःशुल्क तरकारी मिनिकिट वितरण कार्यक्रम, आकस्मिक बाली संरक्षण कार्यक्रम, सवारी साधन तथा मेशिन औजार मर्मत खर्च, कृषक घरदैलोलगायत विविध कार्यक्रममा जम्मा ३६ लाख ७० हजार रकम आन्तरिक स्रोततर्फ खर्च भएको छ ।

## रैथाने बालीसम्बन्धि सचेतनामुलक तालिम

रैथाने बालीसम्बन्धि दुई दिने सचेतनामुलक तालिम सरकारी स्कुलका शिक्षक तथा महिला स्वस्थ्य स्वयमसेविकाहरुलाई ५ स्थानमा दिइएको छ । यस तालिममा शिक्षक २० जना र महिला स्वास्थ्य स्वयम्सेविका  जम्मा ८० जना  सहभागी भएका थिए ।

स्थानीय विद्यालयसँग सहकार्य गरी रैथाने बालीको महत्व र परिकारबारे विद्यार्थीहरुलाई जानकारी गराउन तथा विद्यालयको दिवा खाजा कार्यक्रममा रैथाने उपजको परिकार बनाउनको लागि विद्यालय छनौट गर्ने यसको उद्येश्य थियो । साथै, खाद्य तथा पोषण सुरक्षामा रैथाने बालीको महत्व सम्बन्धि महिला स्वास्थ्य स्वंयमसेविकाहरुले गर्भवती महिला तथा बालबालिकाहरुलाई सचेतना गराउने पनि यसको अर्को उद्येश्य थियो ।

कृषि विकास शाखा कडरवोना, सप्तरीमा २०८० जेठ ७ देखि १२ सम्म र २०८० जेठ १६ देखि १९ गतेसम्म तालिम आयोजना भएको थियो ।

## तरकारी बीउ वितरण कार्यक्रम

कुनै उन्नत जातको बीउ वा नयाँ कुनै जात परीक्षणका लागि कृषकहरुलाई निःशुल्क तरकारी मिनिकिट (हिउँदे) कम्पोजिट प्याकेट तरकारी बीउ वितरण कार्यक्रम यस नगरपालिकाबाट गरिन्छ । कुनै स्थान बिशेषमा सफलता पाएको कुनै पनि उन्नत वा स्थानीय जातका तरकारी बीउलाई सोही स्थानको हावापानीसँग मिल्ने अन्य कुनै ठाउँमा बिस्तार गर्न यो कार्यक्रम संचालन गरिएको हो ।

यो कार्यक्रम २०७९ कार्तिक २३ गतेदेखि २८ गतेसम्म गरिएको थियो । जसमा  नगरपालिकाको सबै वडाका गरी ११ सय किसानलाई पालुङ्गो, गाजर लोकल, मूला मिनोअर्ली, धनिया लोकल, चम्सुर लोकल तथा रायो मार्फा चौडापातको बीउ १० ग्रामदेखि २० ग्रामसम्म दिइएको थियो ।

यसैगरी, २०८० सालमा नगरपालिकाका जम्मा १७२३ कृषकलाई ८४८ केजी उन्नत जात प्याज बीउ नासिक रेड एन ५३ वितरण गरियो । यसैगरी, ७५ प्रतिशत कृषि कार्यालयले तथा २५ प्रतिशत कृषकले व्यहोर्ने गरी कन्ये च्याउको बीउ १६२५ प्याकेट (२०० ग्राम प्रति प्याकेट) १९४ जनालाई वितरण गरिएको छ ।

# सुरुङ्गाको पहिचान बन्दै विषादीरहित आँप

सप्तरी जिल्लाको समग्र भूभागलाई आँपको खेती हुने भुगोलको रुपमा चिनिन्छ । लोकमार्गदेखि जिल्लाको उत्तरी भूभागलाई सप्तरीको आँप जोनको रूपमा लिइन्छ । आँप बेचेर वर्षभरीलाई परिवार धान्न सक्ने परिवार धेरै छन् । कृषि ज्ञान केन्द्रको तथ्याङ्क अनुसार यहाँका एउटा एउटा आँप कृषकले एक सिजनमा १५ देखि २० लाख सम्मको आँप बेच्ने गरेका छन् । पछिल्लो समय कार्यालयले सरकारी अनुदान पनि दिदै आएको छ ।

सुरुङ्गा नगरपालिका५- श्रीपुरका अनिल चौधरीको सम्पतिको नाममा चुरे नजिकै एक विघा ५ कठ्ठा भीठ (अन्नपात उत्पादन नहुने माटो भएको चहार) जग्गा छ । आफू सामान्य मिस्त्रीको ठेक्कापट्टा गर्दै आएका अनिलको परिवारलाई वर्षभरि खान पुग्दैनथ्यो । तर विगत दश वर्ष अघि त्यहीं जग्गामा रोपेको आँपको बोटले विगत ७ वर्षयता आम्दानी दिन थालेपछि आफ्नो परिवारको गुजारा सजिलै चलेको उनले बताए ।

उनको आँपको एउटा मात्रै बगैंचा यसपाली आठ लाखमा विक्री भएको छ । त्यति रकमले अरु कुनै व्यवसाय नगरेपनि आफ्नो छ जनाको परिवारलाई वर्षभरि खान लाउन पुग्ने गरेको अनिल बताउँछन् । त्यस्तै, सुरुङ्गा-७ की मन्जुदेवी चौधरीको परिवारलाई सात वर्षअघि धान उब्जाउँदासम्म छ महिना पनि खान पुगेको थिएन । वरपरका छिमेकीहरूले लगाएको आँपको बगैंचाले उनलाई पनि उत्साहित बनायो । र, उनी पनि आफ्नो डेढ बिघा जग्गामा आँप बगैचा लगाएर अहिले आत्मनिर्भर बनेकी छिन् । एक सिजनमा आँप बेचेर मात्रै ५ देखि ७ लाख रुपैयाँसम्मको आम्दानी गर्ने गरेकी मञ्जु वर्षभरि परिवारको जोहो टारेर छोराछोरीलाई कलेजसम्म पढाउन पाएकी हुन् ।

सुरुङ्गा-६ स्थित श्रीपुरजब्दी विद्यालयको चार विघा जग्गामा विषादीरहित आँप जोन क्षेत्रलाई नगरको लगानीमा खाद्यगुणस्तर मापन गरेर सुरूङ्गाको अर्गानिक आँप बजारीकरणको लागि राजधानी काठमाडौं पठाउने गरिएको छ । यहाँको बगैचामा सूर्यपूरी, भेमहा, सिपिया, लखनउ, बम्बई, मालदहलगायत १५ जातका आँप फल्छ । १४८ वटा रुख रहेको आँप बगैचाको संरक्षण प्रवर्द्धनमा दुई वर्षदेखि नगरपालिका योजनासहित अघि बढेको छ । विद्यालय क्षेत्रको आँप बगैंचाको प्रत्येक रुखमा नम्बरिङ गरिएको छ ।

विद्यालय क्षेत्रको आँप बगैंचाको रेखदेख गर्ने लिल बहादुर चौधरी भन्छन्, अन्य बाली भन्दा राम्रो आम्दानी हुने वाली हो आँप । यसको आम्दानीबाट धेरैले घरखर्चदेखि बालबच्चा पनि सजिलै पढाएका छन् ।

सुरुङ्गा नगरपालिकाकी नगर प्रमुख गीता चौधरी भन्छिन्, स्कुलको जग्गामा रहेको आँप बगैंचा पहिले निकै कम रकममा ठेक्का लागेको थियो । विषादीरहित आँप व्यवस्थापनमा नगरपालिकाले समन्वय गरी ठेक्का रकम बढाएको छ । आँप बेचेर आएका रकम दामासाही हिसाबले सबै विद्यालयलाई बाँडफाँट गरी शैक्षिक समृद्धिमा लगाइनेछ ।

# पशुपन्छी विकास शाखाका गतिविधि

पशुपन्छी विकास शाखाअन्तर्गत आन्तरिक स्रोततर्फ विभिन्न कार्यक्रम गरिएको छ । जस्तै, नगरका किसानहरुलाई जे तथा टियोसिन्टी घाँस, हिउँदे तथा वर्षे घाँस र बहुवर्षे घाँसको बीउ उत्पादन तथा वितरण गरियो । बोयर जातको बोका खरिद तथा वितरण, पैचो कार्यक्रमअन्तर्गत विपन्न, दलित, आदिवासीहरूको लागि उन्नत जातको बाखा वितरण गरियो । साथै, मत्स्य विकास कार्यक्रम, तालिम, गोष्ठी, कृषक भ्रमण, पशुपंक्षी बीमा, पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर, पशुपंक्षीका लागि औषधी खरिद, आन्तरिक तथा बाह्य परिजीवी नियन्त्रण कार्यक्रम, पशुपंक्षी खोप कार्यक्रमदेखि आकस्मिक रोग निदान कार्यक्रम पनि सम्पन्न गरियो । यी विविध कार्यक्रममा जम्मा ४२ लाख ६० हजार रकम आन्तरिक स्रोततर्फ खर्च भएको छ ।



# सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा

## व्यक्तिगत घटना दर्ता

मानव जन्मेदेखि जीवनमा घटिरहने मुख्य घटना जस्तैः जन्म, मृत्यु, बसाइँ सराई, विवाह तथा सम्बन्ध बिच्छेदलाई नै व्यक्तिगत घटना भनिन्छ। मुलुकमा बसोबास गर्ने प्रत्येक व्यक्तिका व्यक्तिगत घटनाहरुलाई आधिकारिक रुपमा अभिलेख राख्नुलाई व्यक्तिगत घटना दर्ता भनिन्छ।

नेपालमा पहिलो पटक व्यक्तिगत घटना दर्तासम्बन्धी "जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने ऐन, २०३३" सोही वर्षको चैत २ ९ मा नेपाल राजपत्रमा प्रकाशित भयो। यसरी नै १७ चरणमा यो ऐन विस्तार गरिदै २०४७ साल वै शाख १ बाट देशभर लागु गरियो।

नेपाल सरकारले गरेको प्रतिबद्धता अनुसार सन् २०२४ सम्म सम्पूर्ण नेपाली देशबासीहरुको जन्मदर्ता शतप्रतिशत पुर्‍याउनु पर्ने भनी व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन अनलाइन प्रणाली सञ्चालनमा आयो । यस प्रणालीमार्फत् प्रत्येक व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षाको लाभग्राहीहरुको रेकर्ड अनलाइनमा भण्डारण भइरहेको छ।

यहाँ आव २०७९/२०८० को सुरुङ्गा नगरपालिका भित्रको घटना दर्ताको संख्यात्मक विवरण दिइएको छ।

## सामाजिक सुरक्षा भत्ता वितरण

जीवनयापन गर्न आधारभूत आश्यकताहरु पूरा गर्न लक्षित वर्ग वा समूह (जस्तैः ज्येष्ठ नागरिक, अपाङ्ग, बालबालिका आदि) लाई राज्य कोषबाट निश्चित नगद प्रवाह गर्नुलाई नै सामाजिक सुरक्षा भत्ता भनिन्छ। गृह मन्त्रालयले २०५१ साउनदेखि नगद प्रवाह कार्यक्रम बृद्धभत्ताका रुपमा ७० वर्षमाथिका ज्येष्ठ नागरिकलाई १०० रुपैयाको दरले नमुनाको रुपमा २० जिल्लाबाट सुरु भई हाल मुलुकभर वितरण गर्न थालिएको हो । यस कार्यक्रमलाई स्थानीय विकास मन्त्रालय अन्तर्गत राखी आव २०५२।०५३ बाट सामाजिक सुरक्षा भनी सम्बोधन गरी ज्येष्ठ नागरिकलगायत विधवा र अपाङ्गता भएका नागरिकलाई समेत नियमित रुपमा प्रदान गर्दै आएकोमा हाल यसको दायरा अझ विस्तार गरिएको छ।

हाल मुलुकभर नेपाल सरकारले मुख्य सातवटा लक्षित समूह (बृद्ध, दलित, अपाङ्ग, लोपोन्मुख, विधवा, एकल महिला र दलित तथा पिछडिएका क्षेत्रका बालबालिका) जस्ता उच्च जोखिममा रहन सक्ने समुहलाई विभिन्न दरमा भत्ता वितरण गरिरहेको छ। बालपोषण भत्ता भने आंशिक रुपमा गरिबलक्षित गरिएको छ।

यस सुरुङ्गा नगरपालिकामा मिति २०७४ कार्तिकबाट अनलाइन डाटा प्रविष्ट सुरु भई हाल सबै वडाहरुमा व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा लाभग्राहीहरुको करिब २१ हजार डाटा अनलाइनमा प्रविष्ट भइसकेको छ । यहाँ सुरुङ्गा नगरपालिकाको आव २०७९/२०८० को सामाजिक सुरक्षा भत्ता पाउनेहरुको संख्यात्मक विवरण दिइएको छ।

## घटना दर्ताको संख्यात्मक विवरण दर्ता मिति २०७९-०१-०१ देखि : दर्ता मिति २०७९-१२-३० सम्म :

| वडा नं. | जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| १ | १०६ | १०० | २०६ | ४४ | ३८ | ८२ | १ | ८९ | २३ | ६६ | २९ | ९१ | ४३० |
| २ | १४८ | ११२ | २६० | ५७ | ४५ | १०२ | ६ | १०८ | २८ | ६० | ३१ | ८८ | ५३५ |
| ३ | १६५ | १२६ | २९१ | ४५ | ४८ | ९३ | २ | ८८ | १३ | ३३ | १३ | ४० | ५०० |
| ४ | १३५ | १३३ | २६८ | ४८ | ३३ | ८१ | १ | ११८ | ८ | २३ | १० | ३३ | ४८६ |
| ५ | १३६ | १५८ | २९४ | ३० | ३३ | ६३ | १ | ८८ | ३ | १० | ७ | २५ | ४५६ |
| ६ | १०९ | ९६ | २०५ | २९ | २५ | ५४ | २ | ५७ | ३ | १२ | २ | ९ | ३२३ |
| ७ | १५० | १२८ | २७८ | ४५ | ४१ | ८६ | | ९९ | ६ | २२ | ६ | १२ | ४७५ |
| ८ | १३६ | ९७ | २३३ | ३६ | २९ | ६५ | | ९६ | २ | ७ | ५ | १९ | ४०१ |
| ९ | १३३ | १११ | २४४ | १९ | ३२ | ५१ | | ८९ | ३ | २६ | १२ | ३० | ३९९ |
| १० | ८५ | ६२ | १४७ | २० | २३ | ४३ | | ५८ | १ | ४ | ३ | १२ | २५२ |
| ११ | ११६ | ७९ | १९५ | २२ | ३० | ५२ | | ६७ | २ | १३ | १२ | ३९ | ३२८ |
| जम्मा | १४१९ | १२०२ | २६२१ | ३९५ | ३७७ | ७७२ | १३ | ९५७ | ९२ | २७६ | १३० | ३९८ | ४५८५ |

| घटना दर्ताको संख्यात्मक विवरण दर्ता मिति २०८०-०१-०१ देखि :दर्ता मिति २०८०-१२-३० सम्म : | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. | जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| १ | ५० | ४३ | ९३ | १९ | २५ | ४४ | | ३४ | ८ | १६ | १२ | ३७ | १९१ |
| २ | ६३ | ४३ | १०६ | ३३ | २२ | ५५ | ४ | ५६ | १३ | २३ | १३ | ४० | २४७ |
| ३ | ८४ | ६५ | १४९ | १५ | २० | ३५ | २ | ३९ | ४ | १६ | ५ | १६ | २३४ |
| ४ | ५४ | ६३ | ११७ | २७ | १९ | ४६ | १ | ४५ | ४ | १० | ६ | १६ | २१९ |
| ५ | ६४ | ५२ | ११६ | १४ | १७ | ३१ | | ३१ | २ | ५ | १ | ५ | १८१ |
| ६ | ४५ | ३० | ७५ | २० | १४ | ३४ | | २२ | १ | ४ | १ | ६ | १३३ |
| ७ | ७२ | ६३ | १३५ | २८ | २० | ४८ | | ४८ | ४ | १० | ३ | ४ | २३८ |
| ८ | ६८ | ५३ | १२१ | २१ | १५ | ३६ | | ४३ | | | १ | २ | २०१ |
| ९ | ५७ | ५८ | ११५ | ८ | १८ | २६ | | ४९ | १ | ४ | ६ | १२ | १९७ |
| १० | ३६ | ३५ | ७१ | ९ | १२ | २१ | | १८ | | | | | ११० |
| ११ | ४७ | २९ | ७६ | १२ | १४ | २६ | | ३१ | २ | १३ | ५ | १५ | १४० |
| जम्मा | ६४० | ५३४ | ११७४ | २०६ | १९६ | ४०२ | ७ | ४१६ | ३९ | १०१ | ५३ | १५३ | २०९१ |

| सामाजिक सुरक्षा भत्ता संख्यात्मक विवरण आ.व. २०७९/०८० | | | | |
|---|---|---|---|---|
| | पहिलो त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौंथो त्रैमासिक |
| अन्य जेष्ठ नागरिक भत्ता | २६९० | २६८१ | २६७९ | २६५९ |
| जेष्ठ नागरिक भत्ता (दलित) | ४१५ | ४१४ | ४२८ | ४३३ |
| जेष्ठ नागरिक एकल महिला | ३२५ | ३३० | ३३६ | ३३१ |
| विधवा | ५५८ | ५६९ | ५८२ | ५८६ |
| पूर्ण अपाङ्गता भत्ता | ४२ | ४५ | ४६ | ४७ |
| अति अशक्त अपाङ्गता भत्ता | २१६ | २२४ | २४६ | २४८ |
| क्षेत्र तोकिएका बालबालिका | २८४७ | २९५२ | ३०७४ | ३०५९ |
| दलित बालबालिका | १०६९ | १०६३ | १११२ | १०७३ |
| जम्मा | ८१६२ | ८२७८ | ८५०३ | ८४३६ |

# न्यायिक शाखा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा न्यायिक समितिसम्बन्धी व्यवस्थाका साथै न्यायिक समितिको आधिकार क्षेत्रसम्बन्धी व्यवस्था रहेको छ । सोही तहत रहेर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (१) बमोजिमको विवादको निरुपण गर्ने अधिकार दिइएको छ भने दफा ४७ (२) अन्तर्गतको विवादहरु मेलमिलापको माध्यमबाट समाधान गर्ने अधिकार दिइएको छ ।

यसै क्रममा, सप्तरीको सुरुङ्गा नगरपालिका भित्रको जनताको विवाद समाधान गर्ने हेतुले नगर उपप्रमुख रुद्र बहादुर कार्की संयोजक रहेको ३ सदस्यीय न्यायिक समिति बनाइएको छ। समितिमा हिरा कुमारी चौधरी तथा शिवदर्शन पासवान सदस्य रहेका छन् ।

२०७४ जेठ ६ गतेदेखि २०७९ वैशाख ९ गतेसम्म पालिकाको पहिलो कार्यकालमा विन्दा कुमारी पासमान न्यायिक समितिको संयोजक रहेकी थिइन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रही नगरपालिकाको न्यायिक समितिमा पर्न आएको विवाद उक्त ऐनको अधिनमा रही चुस्त दुरुस्त रुपमा यस नगरपालिकाको न्यायिक समितिले कार्य गरी आएको छ ।

मेलमिलापको माध्यमबाट समाधान भएको विवाद सधैंको लागि अन्त्य हुने हुँदा न्यायिक समितिले मेलमिलापतर्फ बढी जोड दिने गरेको छ । दुबै






*सुरुङ्गा नगरपालिका न्यायिक समितिको निरीक्षणको क्रममा २०८० फागुन १८ मा सप्तरी जिल्ला अदालतको माननीय जिल्ला न्यायाधीश तिलक बहादुर कार्कीलगायत जिल्ला अदालतका पदाधिकारी तथा सुरुङ्गा नगरपालिका न्यायिक समितिका पदाधिकारीहरू ।*

पक्षलाई झगडाको परिणाम तथा त्यसबाट भविष्यमा पर्न सक्ने असरबारे समेत अवगत गराई दुबै पक्षको राजीखुशीमा विवाद टुंग्याउँदै आएको छ । न्यायिक समितिले गरेको कार्यको निरीक्षण सप्तरी जिल्ला अदालतको माननीय न्यायाधीशले गर्दै आएका छन् । निरीक्षणको क्रममा नगरपालिकाले गरेको न्याय सम्पादनमा कुनै त्रुटि नरहेको भन्दै प्रशंसासमेत गरेको अवस्था छ ।

सुरुङ्गा नगरपालिकाको न्यायिक समितिमा बढीजसो जग्गा, छिमेकी संगको साँध सिमाना, बाटोघाटोको विषयको विवाद आउने गरेको छ। त्यस्तै, छिटफुट रूपमा आर्थिक कारोवार तथा सम्बन्ध बिच्छेद, घरेलु हिंसा, ज्याला मजदुरी, ज्येष्ठ नागरिकको पालनपोषणलगायत विषयको विवाद पनि आउने गरेको छ ।

ती तपसिलका विवादलाई न्यायिक समितिबाट सकभर मेलमिलापको माध्यमबाट टुंग्याइन्छ। यदि मेलमिलापको माध्यमबाट मिलापत्र गर्न नमानेमा अदालत पठाइन्छ। ६ वर्षदेखि न्यायिक समितिमा कार्यरत उजुरी प्रशासक संजीव कुमार झा का अनुसार समितिले हरेक मुद्दाको रेकर्ड पुस्तिका चुस्त दुरुस्त ढंगले राखेको छ । समितिले नगरपालिकाका कानूनी सल्लाहकार प्रमोदकुमार चौधरीबाट मुद्दाबारे सल्लाह सुझाव लिंदै आएको छ ।

सुरुङ्गा नगरपालिका-४ का हेम नारायण चौधरी तथा सुरुङ्गा नगरपालिका-३ का गंगाराम यादवका अनुसार न्यायिक समितिले हरेक कुराको सूक्ष्म तथा गहन रुपमा अध्ययन अनुसन्धान गर्ने गरेको छ। विभिन्न दृष्टिकोणबाट प्रमाणहरु केलाएर कसै को आग्रह पूर्वाग्रहमा नपरी न्याय प्रदान गर्ने गरेको छ। लेनदेन मुद्दामा न्यायिक समितिले समयमा न्याय दिएकोमा सुरुङ्गा नगरपालिका-८ की श्रुतीदेवी चौधरी आफू सन्तुष्ट रहेको बताउँछिन्। आव २०७९/२०८० मा पुरानो मुद्दा ३ र नयाँ मुद्दा २३ वटा गरी जम्मा २६ वटा मुद्दा सुरुङ्गा नगरपालिकाको न्यायिक समितिमा दर्ता भएको थियो। जसमा १४ वटा मुद्दामा मेलमिलाप गराइएको थियो । यसैगरी, आव २०८०/२०८१ मा पुरानो मुद्दा ११ र नयाँ मुद्दा ६ वटा गरी जम्मा १७ वटा मुद्दा समितिमा दर्ता भएको थियो । जसमा १३ वटा मुद्दामा मेलमिलाप गराइएको छ ।

# योजना शाखाका गतिविधि

## सुरूङ्गा नगरपालिकाको आफ्नै प्रशासकीय भवन निर्माण हुँदै



स्थानीयहरूले दान दिनुभएको डेढ विघा क्षेत्रफल जग्गामा सप्तरीको सुरूङ्गा नगरपालिकाको प्रशासकीय भवन निर्माण हुने भएको छ । सो भवनको एक कार्यक्रम बीच २०७९ माघ ६ गते शिलान्यास गरियो ।

लोकमार्गमा पर्ने वडा सुरूङ्गा नगरपालिका-५ कुशहा बजार बैनगामामा नगरप्रमुख गीता चौधरीले प्रशासकीय भवनको शिलान्यास गर्दै आफूले नगरप्रमुखमा जितेर आएपछि नगरवासीको एक महत्वपूर्ण सपनाको पहिलो खुट्किला पार गरेको धारणा राखिन् । प्रशासकीय भवन निर्माण सम्पन्न भएमा नगरको आर्थिक भार घट्ने तथा नगरबासीलाई सेवा थप सहज हुने उनले विश्वास व्यक्त गरिन् । उनले भवन निर्माणको लागि जग्गादान गर्ने जग्गादाताहरुलाई धन्यवाद दिइन् ।

आगामी दुई वर्ष भित्रमा सुविधासम्पन्न भवन निर्माण सम्पन्न गरिसक्ने लक्ष्यसहित नगर कार्यपालिकाबाट चालु आर्थिक वर्षमा दुई करोड रकम बिनियोजन गरिएको तात्कालीन प्रमुख प्रशासकीय अधिकृत गजेन्द्रनाथ शर्माले जानकारी दिए । प्रमुख चौधरीका अनुसार स्थानीय महेश चौधरी र दुर्गानन्द चौधरीले १० कट्ठा, आनन्द चौधरी र हरिकान्त चौधरीले ५ कट्ठा, कालिनदेवी चौधरीले दुई कट्ठा, बलिकान्त चौधरीले २ कट्ठा, जितनी चौधरीले १ कट्ठासहितका जग्गादाताहरुले डेढ बिघा जग्गा उपलब्ध गराएका छन् । नगरले स्थापनाकालदेखि कदमाहा र मधुपट्टीस्थित भाडाको दुईटा भवनबाट प्रशासकीय सेवा प्रदान गर्दै आएको छ । स्मरण रहोस्, नगरको एउटा वडाबाहेक बाँकी सबै वडा कार्यालय र स्वास्थ्य चौकी आफ्नै भवनमा रहेका छन् ।

**स्थानीय महेश चौधरी र दुर्गानन्द चौधरीले १० कट्ठा, आनन्द चौधरी र हरिकान्त चौधरीले ५ कट्ठा, कालिनदेवी चौधरीले दुई कट्ठा, बलिकान्त चौधरीले २ कट्ठा, जितनी चौधरीले १ कट्ठासहितका जग्गादाताहरूले डेढ बिघा जग्गा उपलब्ध गराएका छन् ।**

## *सुरुङ्गा नगरपालिकाको आ.ब.०७९/८० का लक्ष्य प्रगति विवरण*

| सि.नं. | विवरण | इकाई | भौतिक लक्ष्य | भौतिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १ | कच्ची सडक | किमी | ७.१५ | ७.६४ | |
| २ | ग्राभेल सडक | किमी | ६.०५ | ६.०७ | |
| ३ | पीसीसी सडक ढलान | किमी | ५.९३ | ४.२९ | |
| ४ | आर.सि.सी.सडक ढलान | किमी | ०.१७४ | ०.१७४ | |
| ५ | पक्की नाली निर्माण | किमी | १.०५९७ | ०.७८८५ | |
| ६ | बाउण्ड्री वाल निर्माण | मीटर | ३६६.५० | ३५०.१४ | |
| ७ | छठ घाट निर्माण कार्य -१ र ४ मा | मीटर | ४७.०० | ४६.२० | |
| ८ | अधुरो स्वास्थय चौकी भवन निर्माण कार्य-२ | थान | १.०० | १.०० | |
| ९ | अधुरो ६ र ११ नं.वडा कार्यालय भवन निर्माण कार्य-२ | थान | २.०० | २.०० | |
| १० | ३ र ५ नं.वडा कार्यालय माथि हल निर्माण कार्य | थान | २.०० | २.०० | |
| ११ | अधुरो सामूदायिक भवन(पन्द्र कटठे -१,एकता महिला -३, महिला सञ्जाल भवन ४, बसनपटटी -७ | थान | ४.०० | ४.०० | |
| १२ | दिनाभद्री मन्दिर | थान | १.०० | १.०० | |
| १३ | सामूदायिक भवन निर्माण कार्य | थान | ६.०० | ६.०० | |
| १४ | गिता भवन निर्माणमा छत ढलान -१ | थान | १.०० | १.०० | |
| १५ | समरसियल पम्प सहित बोरिङ | सेट | ५.०० | ४.०० | |
| १६ | सडक वती | सेट | ६२६.०० | ६२३.०० | |
| १७ | सेन्सर सडक वती | सेट | १२.०० | १२.०० | |
| १८ | टयूब वेल | सेट | १८.०० | १८.०० | |
| १९ | चबुतरा निर्माण | थान | २.०० | २.०० | |
| | **जम्मा** | | | | |

# नक्सा शाखाका गतिविधि

## भूमिहीन सुकुम्वासीलाई लालपूर्जा वितरण




सुरुङ्गा-१ का मञ्जिता कुमारी लामा भन्छिन्, 'जग्गामा घर बनाएर बसे पनि वर्षौदेखि घरमा विद्युतको उज्यालो हेर्ने सपना बल्ल आज पुरा भएको छ । जग्गाधनी लालपूर्जा नभएर घरमा विद्युत लाइन थिएन, न त धाराको पानी नै आउँथ्यो । चाहेर पनि दैनिक जीविकोपार्जनका थुप्रै गर्जो टार्न नसकेको पीडाबाट आजबाट मुक्त भएकोमा असाध्यै खुशी छु ।'

सप्तरी-४ का प्रतिनिधि सभा सदस्य तेजुलाल चौधरीको विशेष उपस्थिति तथा राष्ट्रिय भूमि आयोग सप्तरीका अध्यक्ष हरेराम यादवको उपस्थितिमा २०८० जेठ १ गते सुरुङ्गा नगरपालिका वडा नम्बर १ का वडाध्यक्ष छत्र बहादुर राउतको अध्यक्षतामा लालपूर्जा वितरण गरियो । सोही कार्यक्रममा लालपूर्जा पाएपछि लामाले उक्त खुशी व्यक्त गरेकी थिइन् ।

सप्तरीको सुरुङ्गा नगरपालिकाको वडा नम्बर १ का १६ परिवारका भूमिहीन सुकुम्वासीलाई

**भूमिहीनहरूको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन**

- भूमिहीन दलित, भूमिहीन सुकम्बासी तथा अव्यवस्थित बसोबासीहरूको समस्या समाधानका लागि बिषयविज्ञद्वारा जनप्रतिनिधि तथा कर्मचारीहरूलाई अभिमुखीकरण ।
- नगरका सबै वडाबाट भूमिहीन सुकुम्बासी ५४१ र अवव्यवस्थित बसोबासी १८५३ गरी कूल २३९४ परिवारको विवरण सङ्कलन ।
- सङ्कलन गरिएको विवरण आयोगको सिस्टममा इन्ट्री ।
- वडा नं १ का भूमिहीन सुकुम्बासीहरूको जग्गा नापजाँच सम्पन्न भई १६ जनालाई पूर्जा वितरण गरिसकिएको ।
- वडा नं २ का ६१ जना भूमिहीन सुकुम्बासीहरूको जग्गा नाप जाँच सम्पन्न भई सकेको ।

जग्गाधनी लालपूर्जा वितरण गरिएको सुरुङ्गाका नगरप्रमुख गिता चौधरीले जनाइन् ।

सुरुङ्गामा दुई महिना भएको सर्बेमा ४२ वटा कित्ता नापजाँच भएकोमा लालपूर्जा १६ वटा मात्रै तयार हुन सकेको थियो । अन्यमा कतै जंगलको त कुनै नदीको वा फर्जी फारम भरेको जस्ता प्राविधिक समस्याको कारण अधुरै रह्यो । यद्यपि भूमिहीन सुकुम्वासीलाई जग्गा वितरण कार्य निरन्तर रहने नगरप्रमुख चौधरीले बताइन् । सुरुङ्गा नगरमा सुकुम्वासीको संख्या थोरै भए पनि १८ सय ५३ अव्यवस्थित वसोवासी रहेको तथ्याङ्क छ ।

सोही कार्यक्रममा राष्ट्रिय भूमि आयोग सप्तरीका सदस्य सचिव शत्रुघन यादवले यसअघि सप्तरीको अग्नीसाईर कृष्णासवरन गाउँपालिका वडा नं ४ मा ६८ र वडा नं ५ मा १७ गरी ८५ जना भूमिहीन सुकुम्बासीलाई जग्गाधनी प्रमाणपूर्जा वितरण गरिसकिएको जानकारी दिए ।

---

# सुरूङ्गा नगरपालिकाः नापी शाखा एक परिचय

भूषण कुमार चौधरी

**विषयप्रवेशः**

नेपालको संविधान २०७२ को धारा ५६ अनुसार संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तहमा विभाजन भएको छ । राज्यशक्तिको अभ्यास तीनै तहका सरकारले गर्छन् । २०७३ फागुन २७ पछि मुलुकको पुनःसंरचना भई ७५३ स्थानीय तह गठन भएको छ ।

२०४९ र २०५४ सालमा स्थानीय निकायको निर्वाचन भएको थियो । त्यसबेला ७५ जिल्ला विकास समिति, ५८ नगरपालिका र ३,९०० गाविसमा १ लाख ९८ हजार जनप्रतिनिधि निर्वाचित भएका थिए । त्यसपछि लामो समय मुलुकमा चलेको द्वन्द्वको कारण नियमित निर्वाचन हुन सकेन । २० वर्षपछि मात्र २०७४ सालमा स्थानीय निर्वाचन हुन सक्यो ।

२०७३ साल फागुन २२ को स्थानीय तह पुनःसंरचनासम्बन्धी निर्णयअनुसार हाल नेपालमा कुल ६ महानगरपालिका, ११ वटा उपमहानगरपालिका, २८६ नगरपालिका र ४६३ गाउँपालिका कायम छ । स्थानीय तहको पहिलो निर्वाचन २०७४ वैशाख १४, असार १४ र असोज २ मा गरी तीन चरणमा भएको थियो । हाल ७५३ स्थानीय तहमै निर्वाचित जनप्रतिनिधिको नेतृत्वको सरकार छ ।

राज्य पुनःसंरचनापछि विगतको अभ्यासमा रहेको शासकीय संरचना स्थानीय तहमा पनि विकेन्द्रीकरण भएको छ । भनिएकै छ, हिजोको दिनमा सिंहदरबारबाट हुने काम अब स्थानीय तहबाटै हुनेछ। यसले जनतामा धेरै आशा बढाएको छ । नेपालको संविधानमा नै स्थानीय तहले गर्न पाउने गरी २२ अधिकार, अनुसूची- ८ मा व्यवस्था गरेको छ । साथै, अनुसूची- ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार भनी १५ वटा तोकिएको छ । स्थानीय तहलाई प्राप्त अधिकार हरूमध्ये भूमि प्रशासन पनि एक हो । यस लेखमा सप्तरीको सुरूङ्गा नगरपालिकाको नापी शाखाको सानो परिचय दिइएको छ ।

**नापी शाखाः एक परिचय**

सुरूङ्गा नगरपालिका भूमि प्रशासनको एउटा नापनक्सा (नापी) शाखा हो । यस शाखाको मूल उद्धेश्य जमिनको विषयलाई लिएर हुने झैझगडा र मुद्दा मामिलालाई कम गरी समाजमा शान्ति अमनचयन र सामाजिक सद्भाव कायम गर्नु हो । यस शाखावाट जग्गा रेखाङ्कन (जग्गा छुट्याउने), घर नक्सा पाससम्बन्धी आवश्यक प्रतिवेदन, न्यायिक समितिमा परेको जग्गा खिचलो मुद्दा मिलाउने आदि हुन्छ ।

यस शाखाको स्थापनापश्चात सुरूङ्गा नगरवासी जग्गा रेखाङ्कन (जग्गा छुट्याउने) तथा घर नक्सा पासको लागि आवश्यक पर्ने अमिन प्रतिवेदनको लागि सदरमुकामको नापी कार्यालय, राजविराज धाउनुपर्ने झण्झटबाट मुक्त भएका छन् । सुरूङ्गा नगरबासीले छिटो, छरितो, सरल र सुलभ क्रमबद्ध रुपमा यस शाखाबाट सेवा प्राप्त गरी लाभान्वित भएका छन् ।

भूउपयोग ऐन, २०७६, परिच्छेद २, दफा (६) सम्बन्धित स्थानीय भूउपयोग परिषद्ले ऐनबमोजिम निर्धारित भूउपयोग क्षेत्र वर्गीकरणका आधार, मापदण्ड तथा मन्त्रालयले तयार गरेको कार्यविधिबमोजिम आफ्नो क्षेत्र भित्रको भूमिलाई भूउपयोग क्षेत्रमा वर्गीकरण गर्नुपर्ने व्यवस्थाअनुसार सुरूङ्गा नगरपालिकाले पनि भूउपयोग परिषद् गठन गरेको छ । र, आफ्नो परिवेश सुहाउँदो भूउपयोग योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

सुरूङ्गा नगरपालिकाले नगरभित्र रहेको भूमिलाई कृषि, वन, आवास, औद्योगिक, साँस्कृतिक तथा पुरातात्विक, व्यवसायिक, सरकारी तथा सार्वजनिक आदि गरी १० क्षेत्रमा वर्गीकरण गरी कार्यान्वयनमा ल्याएको छ ।

स्थानीय तह सञ्चालन कार्यविधि, २०७४ मा नगरपालिका प्रमुखको काम, कर्तव्य र अधिकार तोकिएको छ । जसमा भूमि सम्बन्धमा निम्न जिम्मेवारी तोकिएको छ ।

(क) भूउपयोग नीति, गुरुयोजना वा कानुनले तोकेबमोजिम नगरपालिकाको पूर्वस्वीकृति नलिई कुनै व्यक्ति, संस्था वा कम्पनीले जग्गा प्लटिङ वा प्लानिङ गरेको पाइएमा तत्काल कारवाही गर्ने ।

(ख) नगरपालिका क्षेत्रभित्र रहेको अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने ।

(ग) सरकारी वा सार्वजनिक, ऐलानी र पर्ति जमिनमा भएको अतिक्रमण हटाउने र त्यस्ता जमिन संरक्षण गर्ने ।

(घ) नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोतको दिगो संरक्षण र उपयोग गर्ने ।

यसरी हेर्दा नेपालको संविधान २०७२, भूउपयोग ऐन, २०७६ र स्थानीय तह सञ्चालन कार्यविधि, २०७४ अनुसार भूमि र कृषि सुधारको क्षेत्रका काम गर्नको लागि स्थानीय सरकारलाई प्रशस्तै अधिकार प्रत्यायोजन गरिएको देखिन्छ । यसर्थ, भूमि र कृषि सुधारको क्षेत्रमा धेरै काम गर्न सक्ने सामर्थ्य स्थानीय सरकारले राख्न सक्छ। साथै, यी कार्य स्थानीय सरकारको सुशासनको एउटा महत्वपूर्ण कार्य पनि हो ।

आव २०७७/७८ को संघीय सरकारको नीति तथा कार्यक्रममा ६० प्रतिशत मालपोत कार्यालयलाई स्थानीय तहमा हस्तान्तरण गर्ने कार्यक्रम थियो । तर, यो काम भएको देखिएन । मालपोत र नापी कार्यालय अझै पनि स्थानीय तहअन्तर्गत रही काम गर्न इच्छुक देखिएका छैनन् ।

*लेखक सुरूङ्गा नगरपालिकाका नापी शाखा प्रमुख हुन्*

# राजस्व शाखाका गतिविधि

## आयसम्बन्धी विवरण (आ.व. २०७९/८०)

| क्रस | आम्दानी | शीर्षक |
|---|---|---|
| १ | गत वर्षको जिम्मेवारी | १०,९६,२१,०८८।५१ |
| २ | संघीय सरकार वित्तिय समानिकरण अनुदान | १३,८९,३५,०००।०० |
| ३ | संघीय सरकार शशर्त अनुदान | २९,४६,१२,०००।०० |
| ४ | प्रदेश सरकार बित्तिय समानिकरण अनुदान | १,०७,८२,०००।०० |
| ५ | प्रदेश सरकार सशर्त अनुदान | ७५,००,०००।०० |
| ६ | प्रदेश सरकार विशेष अनुदान | ३०,००,०००।०० |
| ७ | प्रदेश सरकार समपुरक अनुदान | २०,००,०००।०० |
| ८ | आन्तारिक आय | २,३४,४७,९०५।१५ |
| ९ | अन्य कार्यक्रम तथा विविध कोषहरूको समेत | १,९३,९३,६७२।४६ |
| १० | सामाजिक सुरक्षा तथा संरक्षण | २०,६१,६०,०००।०० |
| ११ | कुल आय | ८१,५४,५१,६६६।१२ |

## योजनातर्फ

योजनातर्फ हेर्दा यस आवमा योजना संख्या २३४ वटा रहेकोमा २३२ वटा सम्झौता भयो । जसमा २१६ वटा काम सम्पन्न भयो । यसमा उपभोक्ता समितिबाट १०६, ठेक्काबाट २१ तथा अन्य विधिबाट १०५ वटा योजना सम्पन्न भयो । योजनामा ५ लाखदेखि २० लाख सम्मको योजना संख्या १०६ थियो भने ५ लाख भन्दा मुनिको योजना संख्या १२८ थियो ।

## भौतिक पूर्वाधारतर्फ सम्पन्न भैसकेको कार्यक्रम (आ.व. २०७९/८०)

| क्रस | शीर्षक विवरण | ईकाई | भौतिक प्रगति |
|---|---|---|---|
| १ | कच्ची सडक | किमी | **७.६४** |
| २ | ग्राभेल सडक | किमी | **६.०७** |
| **३** | पिसिसी सडक ढलान | किमी | **४.२९** |

| क्रस | शीर्षक विवरण | ईकाई | भौतिक प्रगति |
|---|---|---|---|
| ४ | आरसिसी सडक ढलान | किमी | **०.१७४** |
| ५ | पक्की नाली निर्माण | किमी | **०.७८८५** |
| ६ | बाउण्ड्री वाल निर्माण | मिटर | ३५०.१४ |
| ७ | छठ घाट निर्माण कार्य (१ र ४ नं वडामा) | मिटर | ४६.२० |
| ८ | अधुरो स्वास्थय चौकी भवन निर्माण कार्य-२ थान | थान | १ |
| ९ | अधुरो ६ र ११ नं वडा कार्यालय भवन निर्माण कार्य-२थान | थान | २ |
| १० | ३ र ५ नं वडा कार्यालय माथि हल निर्माण कार्य-२ थान | थान | २ |
| ११ | अधुरो सामूदायिक भवन (पन्द्रकट्ठे १, एकता महिला ३, महिला सञ्जाल भवन ४, बसनपटटी ७) | थान | **४** |
| १२ | दिनाभद्री मन्दिर | थान | १ |
| १३ | समरसियल पम्पसहित बोरिङ्ग | सेट | **४** |
| १४ | सडक वत्ती | सेट | **६२३** |
| १५ | सेन्सर सडक वत्ती | सेट | १२ |
| १६ | ट्यूवबेल | सेट | १८ |
| १७ | चबुतरा निर्माण | थान | **२** |

## प्रधानमन्त्री रोजगार कार्यक्रम (आ.व. २०७९/८०)

| शीर्षक | दिन, रकम |
|---|---|
| योजनाकार्य सम्पन्न भएको संख्या | १४ वटा |
| अधिकतम योजना कार्य दिन | ९० दिन |
| योजनाकार्यमा संलग्न व्यक्तिहरू जम्मा | १२९ जना |
| सबै योजनाकार्यको जम्मा दिन संख्या | ७८५३ दिन |
| औसत रोजगारी दिन संख्या | ६०.८८ दिन |
| जम्मा विनियोजित रकम | १०२००००० |
| रोजगारको लागि विनियोजित रकम | ८२८६००० |
| ज्याला तर्फको खर्च रकम | ४५३११८१ |
| प्रशासनिक खर्च रकम | १३७३२९० |
| जम्मा खर्च रकम = | ५९०४४७१ |
| कुल खर्च | ५८ प्रतिशत |

भलाकुशारी

## मधेशमै बालविवाहमुक्त पहिलो नगरपालिका बनाएका छौँ



नगर प्रमुख, गिता चौधरी

"दीर्घरोगले पीडित महिला तथा समाजका संवेदनशील वर्गका लागि हरेक वर्ष क्यान्सरलगायत रोगको निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्दै आएका छौँ।"

**दुई वर्षको अवधिमा तपाईंले सम्झिनैपर्ने काम के कस्ता छन् ?**

पहिलो कृषि र पर्यटनमा अब्बल रहेको यस नगरपालिकामा किसानलाई सिँचाई सुविधाका लागि कृषि मिटरको विद्युत महसुल नगरपालिकाले तिर्ने गरी सहुलियत दिएका छौँ। दोस्रोमा नगरपालिकाभरि बालविवाह निरुत्साहनका लागि छोरी बीमा योजना लागु गरेका छौँ। तेस्रो, नगरलाई मधेश प्रदेशभरिमै पहिलो बालविवाहमुक्त नगरपालिका घोषणा गरेका छौँ।

